## नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
## जिल्ला विकास समितिको कार्यालय
## कास्की




# स्थानीय निकायका केही असल प्रयासहरू...



जि.वि.स. बैठक



सामाजिक परिचालकहरुको छलफल



दोबिल्ला, बाघमारा सडक



घाँटिछिना मोटेरेबल पुल



ईलाका स्तरीय योजना तर्जूमा गोष्ठी, धम्पुस



WCF बैठक थुम्की गाविस

जनउत्तरदायी सरकार

पारदर्शिता

# सुशासनका प्रमुख आधार

जवाफदेहिता

सहभागिता


प्रकाशक :

SAFALTA Media Pvt. Ltd.

रेडियो सफलता १०३.४ मेगाहर्ज

सुन्न मन लाग्यो...

मासबार, पोखरा-७, सफलता चोक, फोन : ०६१-४६२९६६, ४६५९६६

E-mail : radiosafalta@gmail.com, **Web:** www.radiosafalta.com


Kaski District
N
Ghandruk
Lwangghalel
Machhapuchhre
Parche
Dangsing
Lumle
Sardikhola
Namarjung
Rivan
Dhampus
Dhital
Lahachok
Puranchaur
Sildujure
Salyan
Dhikurpokhari
Mauja
Mijuredanda
Kaskikot
Thumakodanda
Saimarang
Bhadaure Tamagi
Bhachok
Chapakot
Kalika
Majhthana
Hansapur
Rupakot
Thumki
Deurali
Siddha
Legend
Lekhnath NP
Pokhara_SMP
Kaski District

# नेपाल सरकार
## सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय
## जिल्ला विकास समितिको कार्यालय
## कास्की

: YFGLo LGS FOS FS ]xL C ; N KOF; X? ==

प्रकाशक : सफलता मिडिया प्रा.लि(रेडियो सफलता १०३.४ मेगाहर्ज)

मासबार ,सफलता चोक -७ पोखरा

२०७३ साल जेठ

प्रकाशन सहयोगी : जिल्ला विकास समिति, कास्की

प्रधान सम्पादक : दुर्गा अधिकारी - अध्यक्ष सफलता मिडिया प्रा.लि

सल्लाहाकार : दामोदर भण्डारी, स्थानीय विकास अधिकारी, जिल्ला विकास समिति कास्की

नारायण प्र. श्रेष्ठ : प्रमुख जिल्ला ईन्जिनीयर, जिल्ला प्राविधिक, कार्यालय कास्की

किर्तनराज पौडेल : योजना अनुगमन तथा प्रशासकिय अधिकृत जिल्ला विकास समिति कास्की

ई.अर्जुन न्यौपाने : सामाजिक विकास अधिकृत, जिल्ला विकास समिति कास्की

कृष्ण प्र. अवस्थी : जिल्ला शासन विज्ञ, LGCDP, जिल्ला विकास समिति कास्की

विशेष सहयोगी : इश्वरी पौडेल प्रधान सम्पादक परिज्ञान साप्ताहिक

: स्मिता अधिकारी स्वतन्त्र पत्रकार

: प्रकाश ढकाल आर्दशसमाज राष्ट्रिय दैनिक

: स्ट्रगल राना स्वतन्त्र पत्रकार

: अन्जु बराल रेडियो सफलता

मुद्रण :

फिस्टेल पब्लिकेशन प्रा.लि., पृथ्वीचोक, पोखरा फोन : ०६१-५३०१५५

Email :fpublication@gmail.com

# ✍ सम्पादकीय

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जिल्ला विकास समिति कास्कीले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) दोस्रो चरणलाई एक राष्ट्रिय कार्यक्रमको रुपमा कार्यान्वयन गरिरहेको छ। स्थानीय निकायबाट प्रदान गरिने सेवा, स्थानीय शासन प्रकृया एवम् विकास निर्माण कार्यलाई पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी र सेवाग्राही मैत्री बनाउन गैरसरकारी संस्था तथा नागरिक समुदाय मार्फत कार्यक्रमहरु संचालन गरिएका छन्। नागरिक, समुदाय र पिछडिएका वर्गको क्षमता अभिवृद्धि गरी स्थानीय निकायलाई जनताप्रति जिम्मेवार र उत्तरदायी बनाउने लक्ष्यका साथ कार्यक्रम अगाडी बढी रहेको छ। स्थानीय निकायमा असल शासन र सामुदायीक विकासका माध्यमबाट गरिवी घटाउने र प्रभावकारी सेवा प्रवाह हुनुपर्छ भन्ने कार्यक्रमको मान्यता हो। समता, अनुदान समरुपता र एकता, सहभागिता र संलग्नता, आपसी जवाफदेहिता तथा तल्लो निकायप्रति जवाफदेहिता र पारदर्शिता लगायतका कार्यहरु दोस्रो चरणको कार्यक्रममा रहेका छन्।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत रहेर स्थानीय सुशासन प्रकृयामा जनता तथा स्थानीय सरकार वीचको सकारात्मक सहकार्य तथा सम्बन्धका आधारहरुमा जोड दिदै स्थानीय शासनको सुदृढिकरणमा टेवा प्रयासहरु उपलब्धी मुलक छन्।जस अनुरुप संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय भित्र सुशासन प्रवर्द्धन शाखा भित्र संस्थागत स्थानीय शासन उत्तरदायी संयन्त्रको स्थापना गरिएको छ । जिल्ला जिल्लामा स्थानीय निकाय मार्फत् जनतालाई प्रदान गर्ने सेवा, सुविधा तथा स्थानीय विकास निर्माण संबन्धी कार्यसम्पादनमा सेवाग्राही प्रतिको जवाफदेहिता र पारदर्शितामा अभिवृद्धि गर्नुका साथै स्थानीय शासनमा विशेषगरी विपन्न, दलित, आदिवासी जनजाती, महिला, अल्पसंख्यक र पिछडिएको वर्गको सहभागिता प्रवर्द्धन गरेको छ। नागरिकको जिविकोपार्जन अनि जीवनस्तरमा सुधार आउने अपेक्षा सहित सोही अनुसारका कार्यक्रमहरु गाउँविकास समिति, जिल्ला विकास समिति र नगरपालिका मार्फत् भईरहेको छ।

यस स्थानीय निकायका केही असल प्रयासमा हामीले जिल्ला विकास समिति कास्की मार्फत् विभिन्न गाविसमा भएका गतिविधि र सकारात्मक परिवर्तनलाई समेट्ने प्रयास गरेका छौ। आशा छ यस प्रकाशनले गाविस स्तरमा नागरिक सचेतना मार्फत् काम गरिरहेका व्यक्तित्वहरुलाई थप हौसला प्रदान गर्नेछ।

सामाजिक जवाफदेहिताका क्षेत्र जस्तै : सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परिक्षण तथा नागरिक निगरानी गरि स्थानिय निकायहरुको कानुनी तथा नितिगत व्यवस्था सुदृढ पार्ने कार्यमा नागरिकहरु सहभागी भएर चासो गुनासो राख्न थालेका छन्।

पछिल्लो समय सेवाग्राहीको चेतनाको स्तर बढेसँगै गाउँको स–सानो योजनाको समेत कति रकमको हो ? कहाँबाट आएको ? कहिले सम्ममा सम्पन्न गरिसक्नु पर्ने? जस्ता विषयहरु खोजीका विषय बन्ने गरेका छन्। पक्कै पनि यो परिवर्तन हो। यसले भविष्यमा विकासमा समान पहुँच र समान सहभागिता गराउने छ भन्ने कुरामा दुई मत छैन। यो कार्यक्रमले स्थानीय निकाय जनप्रतिनिधि विहिन रहेको अवस्थामा स्थानीय सरकार र आम नागरिकको विचमा पुलको काम गरिरहेको छ। यो पुल बलियो, भरपर्दो र दिगो होस्।

**नेपाल सरकार**

**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

**जिल्ला विकास समितिको कार्यालय, कास्की**



# शुभकामना

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा व्यवस्था भए अनुरुप स्थानीय विकासको प्रमुख समन्वकर्ता, अनुगमनकर्ता, नियमनकर्ता र कार्यान्वयनकर्ताको महत्वपुर्ण अभिभारा बोकेको यस जिल्ला विकास समितिको प्रयासबाट व्यक्ति तथा समुदाय स्तरमा देखा परेका महत्वपूर्ण सकारात्मक प्रभाव तथा परिवर्तनहरुलाइ समेटी '**स्थानीय निकायका केही असल प्रयासहरु**' नामक पुस्तक प्रकाशन हुन लागेको थाहा पाउदा अत्यन्तै खुशी लागेको छ । यस प्रकाशनले जिल्ला विकास योजना कार्यान्वयनको सिलसिलामा विगत देखि हालसम्म भए गरेका असल अभ्यासहरुको अभिलेखिकरण तथा प्रचार-प्रचार भइ स्थानीय निकायहरुलाइ जनताको सर्वोत्तम हितका लागि कार्य गर्ने थलोका रुपमा परिचित गराउन थप मदत पुर्‍याउने छ भन्ने मैले विश्वास लिएको छु ।

प्रस्तुत प्रकाशनबाट निर्वाचित जनप्रतिनिधि बिहिन अवस्थामा स्थानीय निकायले गरेका महत्वपूर्ण क्रियाकलापहरुका माध्यमबाट सामाजिक-आर्थिक परिवर्तन भै गरिवी न्यूनिकरणमा स्थानीय निकायले खेलेको भूमिकालाइ उजागर गर्न सहयोग पुग्नेछ । यसबाट स्थानीय निकायहरुलाइ थप जिम्मेवार, जवाफदेही र पारदर्शी बनाउन मदत पुग्नुका साथै स्थानीय निकायबाट भएका असल अभ्यास एवं अनुकरणीय कार्यहरुलाइ अन्य निकायहरुले समेत अनुशरण गरि समन्वयात्मक एवं प्रभावकारी रुपले स्थानीय विकासमा जोड दिन अभिप्रेरित गर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

अन्तमा, यस कार्यलाइ मूर्तरुप दिन महत्वपूर्ण प्राविधिक सुझाव प्रदान गर्ने जिविस परिवारका कर्मचारीहरु मित्रहरु र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम लगायत लेखन तथा सम्पादनमा सहयोग गर्ने महानुभावहरु, पत्रकारबन्धुहरु र सफलता मिडिया. प्रा. लि.लाइ बिशेष धन्यवाद दिन चाहान्छु ।

दामोदर भण्डारी

स्थानीय विकास अधिकारी

# विषय सुची

| विषय | पेज नं. |
|---|---|
| १. लस्तीखोलामा बन्यो मोटरेवलपुल, घाचोकमा फुल्न थाल्यो व्यवसायिक फुल | १ |
| २. देखाउन थाले स्वावलम्बनको पहिचान नागरिक सचेतना केन्द्रले बनायो स्वाभिमान | ४ |
| ३. नमूना बन्दै फेवा किनारको बाटो, सुरु भएको छ विकासको पाटो | ६ |
| ४. चापाकोटमा बन्यो बालमैत्री धारा, अवसरमा समान पहुँच हाम्रो अभिभारा | ८ |
| ५. नागरिक सचेतना केन्द्रको काम आर्थिक आय आर्जनमा झुल्कदै छ घाम | १० |
| ६. सफल भयो एक घर एक धारा अभियान,गाउँमा आएको छ विकासको आयाम | १२ |
| ७. चौमासिक रुपमा हुन थाल्यो सार्वजनिक सुनुवाई गुनासा राख्ने कार्यमा ... | १४ |
| ८. पुरुन्चौर १ भयो मुक्त धुँवा स्वास्थ हुन थाले आमा बुबा | १७ |
| ९. सिस्नोघारीमा देखियो युवाको पौरख, ध्याम्राडमा अलैची खेती सवैको गौरव | २० |
| १०. प्रभावकारी भएको छ सचेतना केन्द्रको काम, बढ्दै गएको छ आत्मविश्वास .... | २२ |
| ११. परियार टोलकी चम्किइन् तारा, चकित् छन् गाउँले सारा | २४ |
| १२. गाउँ-गाउँ बन्न थाले ग्रामीण कृषि बाटो, बाटो रहेछ विकासको पाटो | २६ |
| १३. गाउँलेहरु सवै मिलीजुली, गाउँ बनाए झिलीमिली | २७ |
| १४. विकास र पूर्वाधारमा समुदायको चासो सचेतना पुगी सक्यो बजेटको खाँचो | २९ |
| १५. वनस्पतिको संरक्षणमा बन्यो पार्क, भदौरेतामागीमा हुन्छ अव फलीफाप | ३२ |
| १६. बाख्रापालनले गरायो आयआर्जन, सुधार भयो जिविकोपार्जन | ३४ |
| १७. व्यवसायले ल्याएको खुसी, परिवारमा छाएको छ सन्तुष्टि | ३६ |
| १८. नेपालकै पहिलो वातावरण मैत्री वडा कास्की ढिकुरपोखरी नौ ........ | ३८ |
| १९. आर्थीक आत्मनिर्भरता, तर्फ कालिका गाविसका महिला | ४० |
| २०. सिलाई बुनाईले बनायो आत्मनिर्भर लिनु पर्दैन अब कसैको भर | ४२ |

# जव बन्यो लस्ती खोलामा मोटरेवल पुल घाचोकमा फुल्न थाले व्यवसायिक फुल

दुर्गा अधिकारी
९८५६०-३१५६१



कास्की घाचोक गाविसका वडा नम्वर ९ का किसान डोर बहादुर गुरुङमा यतिबेला खुसीको सिमा छैन । बर्षौ देखिको सपना अहिले विपना भएको छ । उनले अहिले गाउँमै करिव ४५ वटा गाई पालेका छन् । गाईको दुध विहान बेलुका बजारसम्म पुर्‍याउन सहज भएको छ । उनलाई हिमशिखर कृषि फर्म चलाउँदा भ्याईनभ्याई छ । फर्ममा ४ जना कामदारले पनि रोजगारी पाएका छन् । त्यस्तै घाचोक वडा नम्वर ८ का मिनबहादुर गुरुङले पनि भैसी फर्म चलाउनुभएको छ । ४० वटा भैसी पालेर व्यवसाय गर्दै आउनुभएका गुरुङ पनि अहिले खुसी हुनुहुन्छ ।

त्यस्तै वर्खाको समय आइसक्दा पनि घाचोक गाविस वडा नम्वर २ की धनदेवी पोखरेललाई कत्ति चिन्ता छैन । पोखरा आवतजावत गर्न दिन र समय हेरिरहनु पर्दैन अव । बस हिडेपनि एकैछिनमा पोखरा पुगिन्छ । पहिला जस्तो दिन हरेर हिड्न पर्ने चिन्ता उनको मात्र होइन गाउँभरि कै हराएको छ ।




को पुल घाचोकको १ नम्वर र लाहाचोकको ३ नम्वरसँग जोडिएको छ । यो समीबगर लाहाचोक माछापुच्छे तातोपानी गाम्रीण सडक अन्तर्गत पर्दछ । लस्ती मोटरेवल पुल बनेर संचालनमा आएपछि डोरबहादुर, मिनबहादुर र धनदेवी जस्ता हजारौ नागरिकहरु लाभान्वित भएका छन् । जिल्ला विकास समिति कास्कीको १ करोड ४७ लाख ७३



हजार ४ सय ४३ रुपैयाँ ५३ पैसा र जनश्रमदान सहित २ करोड ३० लाखको बजेटमा पुल निर्माण कार्य सम्पन्न भएको हो। पुल २४.७५ मिटर लामो रहेको छ। एकातिर नागरिकहरु खुसी हुँदै गाउँ विकासको सम्भावना बढेको महसुस गरेका छन् भने अर्कोतिर शहरसँग सहजै जोडिए सँगै त्यस क्षेत्रमा जग्गा जमिनको महत्व र मुल्य बढेको पुल तथा समीबगर लाहाचोक माछापुच्छे तातोपानी गाम्रीण सडक उपभोक्ता समितिका अध्यक्ष कृष्णकुमार श्रेष्ठ बताउनुहुन्छ। त्यसो त घाचोक १ की राधिका पोखरेल (४२) खोला बढेर वारीको वारी, पारीका पारी आफै कति पटक भएको सुनाउँछिन् । अव यो समस्या र चिन्ता नहुने भयो उनले खुसी व्यक्त गरिन्।

२०५६ सालदेखि उपभोक्ता समितिमा बसेर काम गर्दै आउनुभएका श्रेष्ठले अहिले कामको जस पाएका छन्। पुल र सडकमा खटेको देखेर त्यस क्षेत्रका नागरिकले आफुप्रति सकारात्मक कुरा गरेको सुन्दा उहाँलाई आनन्द र अझै उर्जा बढेको छ।

बाहिरी क्षेत्रका व्यक्तिपनि घुमघामका लागि मोटरसाइकल, स्कुटरमा पुग्ने गरेका छन् यसले त्यस क्षेत्रमा अप्रत्यक्ष रुपमा आम्दानी बढाएको छ। यस्तो हुँदा स्थानीय गाउँको विकास भएको महसुस, स्थानीय बासिन्दामा हुन थालेको छ। अर्कोतिर स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन सजिलो भएको छ। घाचोकमा पहेले धान, तरकारी सवै किसिमका, मुसुरो, भटमास केराउ, वोडी सिलाम, बदाम तोरी लगायतका वस्तु उत्पादन गरी बेचविखनका लागि पोखरा सम्म आउने गरेको छ।

त्यस्तै घाचोक वडा नम्वर ४ मा कुखुरापालन गरी पोल्टी फर्म संचालन गर्दै आउनुभएका किसान सिद्धमान श्रेष्ठलाई अहिले अण्डा, कुखुरा अनि मासु पोखरासम्म पठाउन सहज भएको छ। उहाँले बोइलर कुखुरा करिव ६ सयको हाराहारीमा पाल्नुभएको छ। पोल्टीफर्मको क्षमता १ हजारको हो। पुल बने सँगै व्यसाय बढाउने सोचमा उहाँ हुनुहुन्छ। त्यस्तै हालसालै पुल बनेपछि मात्रै घाचोक वडा नम्वर ६ सञ्चालनमा आएको पोल्टीफर्म तथा चल्ला उत्पादन केन्द्रका सञ्चालक पूर्ण बहादुर कार्कीले करिव ४ करोडको लगानीमा व्यवसाय सञ्चालनमा ल्याउनुभएको छ। ६ हजार अण्डा उत्पादन भएर चल्ला निकाल्न सक्ने क्षमताको ह्याचरी पुल बनेसँगै उहाँले सम्भावना

देख्नुभएको हो । व्यवसायिक हिसावले रोज्ने र खोज्ने क्षेत्र घाचोक बनेको देख्दा त्यस क्षेत्रका नागरिकहरु खुसी छन् ।

त्यस्तै घाचोक ७ का ५६ वर्षिय रिपु मर्दन जि.सी पनि मख्ख छन् । त्यस क्षेत्रमा तरकारी उत्पादन राम्रो हुन्छ त्यसैले होला जग्गाका पलट हेर्न आउनेहरु पनि देखिन्छन् गाउँघरमा । पुलले खाद्यन्न लैजान र मानिसहरु पनि आवातजावत गर्न सजिलो  भएको उनी बताउँछन् । त्यस्तै घाचोक ७ कै कुलबहादुर जिसी पुल बनेपछि मोटरगाडीहरु विहानदेखि बेलुका सम्म आवत जावत गरेको देख्दा खुसी लागेको बताउँछन् । अन्य गाउँमा बाटो बन्छ । बजारबाट खाद्यन्न लगायत सम्पूर्ण वस्तु गाउँ लगिन्छ तर घाचोकमा पुगेका कुनै पनि सवारी साधन खाली फर्कनु पदैन । कुखुरा, दुध, तरकारीले साधन भरिभराई हुन्छन्  उनले थपे ।

प्राय गाउँमा पुल पुगेपछि आवतजावत र बजारिया सामान गाउँमा लैजानमा मात्र प्रयोग भएको पाइन्छ । तर यो पुल बनेपछि त्यस क्षेत्रबाट तरकारी, कुखुरा, दुध, अण्डा, फलफुल पोखरा आउने गरेको छ ।  पुलकै कारण आयआर्जनमा का व्यवसायिक खेतीपाती तर्फ किसानहरु लाग्न थालेका छन् ।

उपभोक्ता समितिका अध्यक्ष कृष्णकुमार श्रेष्ठ जसले सम्झौता अनुसार तोकिएको समय मै पुल सम्पन्न गर्नुभएको हो । २०५६ सालदेखि श्रेष्ठ सडक समितिमा हुनुहुन्छ । उहाँसँगैका साथीहरु समितिमा कोही पनि छैनन् तर उहाँलाई त्यस क्षेत्रको विकासले तानेको हो । अहिले त्यसक्षेत्रको परिवर्तनले उहाँलाई सन्तुष्टि प्रदान गरेको छ ।

कास्की जिविसले लस्ती खोला मोटरेवल पुल सहित अन्य पाँच वटा सम्पन्न गरिसकेको छ भने अन्य १५ वटा निर्माणधिन अवस्थामा रहेको जिल्ला प्राविधिक कार्यालय कास्कीका प्रमुख नारायण श्रेष्ठले जानकारी दिनुभयो । सम्पन्न भएका मध्ये सवैभन्दा खुसी गाउँको उत्( पादन शहरमा आएको हिसावले आफुहरुलाई पनि को मोटरेवल पुल सञ्चालनमा आएपछि भएको जिल्ला प्राविधिक कार्यालयका प्रमुख नारायण श्रेष्ठ बताउनुहुन्छ । यसले नागरिकलाई आवतजावतमा मात्र सुविधा पुरयाएको छैन यसले त आमनागरिकको दैनिक उपभोग्य वस्तु दुध, तरकारी फलफुल गाउँबाट शहर समयमै सहजरुपमा ल्याउनलाई सहज बनाएको छ । उहाँ भन्नुहुन्छ - यस्तै किसिमका सकारात्मक परिवर्तन ल्याउने विकासका योजना जस्तै बाटोघाटो, पुलपुलेसोको माग गरेर शहरका चाउचाउ र विस्कुट शहरबाट गाउँमा ओसार्न भन्दा पनि गाउँको उत्पादन शहरमा ल्याएर आर्थिकरुपमा सवल बन्न सकिन्छ ।

# देखाउन थाले स्वावलम्बनको पहिचान नागरिक सचेतना केन्द्रले बनायो स्वाभिमान

✍ कृष्ण अवस्थी
९८५६०३८१६०

"सधै घरभित्रको काममा मात्र सिमित भएर होला हामीले पनि समाज केहीगर्न सकेराम्रो हुन्थ्यो होला भनेर सोच्दथे खाली समयमा सधै भरि वरपरका छिमेकी साथीहरु भेटि सामान्य पारिवारिक गफमा समय व्यतित गरिन्थ्यो मानिस भएर जन्मेपछि जीवनमा समाजका लागि केहीगर्न नसकेको मा पश्चातापको अग्निले कहिलेकाही पिडा महसुस हुन्थ्यो ?" यी भनाइ कुनै दार्शनिक व्यक्तिका नभइ ढिकुरपोखरी गाविस बडा नम्वर ५ स्थायी बसोवास गरिरहेकी एक बिपन्न दलित परिवारकी निर्मला परियारका हुन्। नागरिक सचेतना केन्द्र गठन हुनु अधि ढिकुरपोखरी गाबिस ५, धारापानी बस्तीका दलित महिलाहरुको दिन चर्या माथिको भनाई संग पूर्णतः मेल खाएको देखिन्छ। बर्षौ देखि परम्परागत र सामाजिक कु-संस्कृतिबाट जरा गाडेको उक्त बस्तीमा नागरिक सचेतना केन्द्र मार्फत् विभिन्न कार्यक्रमहरु सञ्चालक गरेपछिको परिवर्तन भने निकै महत्वपूर्ण छ। सामाजिक परिचालनका गतिविधिहरुले उक्त बस्तीका दलित महिला र पुरुषहरुको सकारात्मक सोचमा परिवर्तन मात्र भएको छैन, जिविकोपार्जनमा समेत उल्लेखनीय टेवा पुर्याएको छ। केही बर्ष अघि बेलुकाको समयमा जाँड र चुरोट को धुँवा उडाएर बस्ने र आफ्ना श्रीमतिहरु नागरिक सचेतनाको केन्द्रको छलफलमा जादा समेत तिरस्कार गर्न खोज्ने पुरुषहरु अहिले उनीहरुको कार्यका प्रशंशक मात्र हो



इनन्, बरु होस्टेमा हैसे गर्दै साथ दिइरहेका छन् । झट्ट सुन्दा कुनै कथा जस्तो लाग्ने यो बस्तीको अवस्थामा आएको सामाजिक तथा आर्थिक परिवर्तनको सुरुवात भने संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत जिविस कास्कीको



सहयोगमा संचालित स्थानीय शासन तथा सामुदायिक कार्यक्रम संगै भएको हो । बिगतको गरिबी र चेतनाको अभावमा पिल्सिएका महिलाहरुको पीडादायी अवस्थाको सम्भना गर्दै आज देखिएको उपलब्धिको मुख्य रहस्य भने नासकेका सदस्यहरुले नियमिति रिफलेक्ट कक्षामा भागलिई सिकेको पाठलाई एकजुट भएर ब्यबहारमा उतार्न गरेको प्रयासको परिणाम भएको बताउनुहुन्छ,-उक्त गाविसमा कार्यरत सामाजिक परिचालक संगीता भण्डारी । भनिन्छ मेहनत र धैर्य गर्नेहरुका लागि सफलता साथी भएर आउछ । आज त्यो कुरा धारापानीका बिपन्न घर परिवारका महिलाहरुले सावित गरिदिएका छन् । राज्य तथा कानुनी अधिकारको त कुरै छाडौ, सामान्य अक्षर सम्म नचिन्ने नासकेका महिलाहरुले आज विभिन्न निजि संघसंस्था सँग हातेमालो गदै आयआर्जनका कार्यहरु गरि दिगो जिविकोपार्जनका लागि गरेको प्रयास उदाहरणीय भएछ । उनीहरुले निजी संस्था संग सहकार्य गरि साडी र कुर्ताहरुमा बुट्टा (बुटिक) राख्ने कार्य गरि मनग्गै आम्दानी गरेका छन् । समुहका ४ जना सदस्यहरुले त महिनामा करीव ६ हजार सम्मको आम्दानी गरि भविष्यमा यस पेशालाई व्यवसायिक रुपमा अगाल्ने निर्णय गरिसकेका छन् । अन्य सदस्यहरु पनि बाख्रापालन र टनेल खेति गरि दिगो आय आर्जनका लागि प्रयासरत छन् । यसै गरि सधै भरी जिल्ला भर रहेका नागरिक सचेतना केन्द्रले दिगोजिविकोपार्जनमा आफुलाई व्यस्त बनाए भने आत्मनिर्भरको लागि अरुको भर पर्नुपर्ने थिएन ।

# नमूना बन्दै फेवा किनारको बाटो सुरु भएको छ विकासको पाटो

✍ प्रकाश ढकाल
९८५६०-४८७००

कास्की भदौरे गाविस स्थीत ठूलाखेतका गंगाधर तिमिल्सीना दशकअघिसम्म फेवाताल डुंगामा तर्थे । नुनतेल जस्ता दैनिक उपभोग्य बस्तु कि बोक्नुपर्थ्यो नत्र डुंगाको विकल्प थिएन । गाडी देख्न मात्रै साढे तीन घण्टा हिडेर पोखरा झर्नुपर्थ्यो । पोखराबाट नजिक भएपनि यातायातका साधन नहुँदा धेरै कष्ट ब्यहोरे तिमिल्सीनाले । सम्पत्ति भएकाहरु डुंगाबाट आउजाउ गर्ने गरेपनि पैसा नभएकाहरु डोकामा सामान बोकेर लैजान्थे । जुत्ता काँधमा हालेर सुरुवाल कम्मरसम्म फर्काएर ताल तरेको याद ताजै छ, उनले भने-अहिले त आँगनबाटै गाडी कुद्छ, नुनतेल किन्न पोखरा नै पनि पुग्नुपर्दैन । हिडडुल गर्न समस्या हुने भएकाले यस क्षेत्रका मानिसहरुले सदरमुकाम झरेका बेला महिना दिनलाई पुग्ने गरी सामान लैजान्थे । बैदाम, पामे, घाटीछिना सडक बनेपछि तिमिल्सीनाजस्तै यहाँका मानिसहरुको जीवनशैली फेरिएको छ । उनीहरु पुगनपुग आधा घण्टामै



पोखरा पुगिसक्छन् । सडक बनेपछि भदौरे, चापाकोट, कास्कीकोट, ढिकुरपोखरी सम्मका सर्वसाधारणले दैनिक उपभोग्य वस्तुको ढुवानी र यात्राका लागि सवारीसाधन प्रयोग गर्न थालेका छन् । बाटो नहुँदा जोखिम मोलेरै फेवाताल वारपार गर्नुपरेकाले धेरै सर्बसाधारणले ज्यान समेत गुमाउनुपरेको स्थानीयहरु बताउँछन् । बिशेषगरी मलामी जाँदा बढी समस्या भोग्नुपरेको उनीहरुको भनाई छ । त्यहाँका मानिसहरुको दाहसंस्कार पोखरा स्थित रामघाटमा गरिन्छ । अहिले पोखराबाट

सिधै भदौरेतामागी गाविसको भञ्ज्याङसम्म सरर गाडीमा यात्रा गर्न सकिन्छ । पञ्चासे जाने पर्यटकहरु त्यहाँबाट हिडेर २-३ घण्टामै पञ्चासे पुग्न सक्छन् । जिल्ला विकास समिति कास्कीले यो सडकलाई मुख्य प्राथमिकतामा राखेर स्तरोन्नतीको काम गर्दैछ ।

फेवाताल किनार हुँदै घाँटीछिनासम्मको यो सडकलाई नेपालकै नमूना सडकको रुपमा विकास गर्ने योजना पनि बनाईएको छ । विश्व बैंकको लगानीमा सुरुको करिब तीन किलोमिटर सडकमा साइकल ट्र्याक, फुट ट्र्याक र सौर्यबत्ति राखिनेछ भने पूरै सडक कालोपत्रे गरिनेछ । २०४८ सालमा ट्र्याक खुलेपछि लगातार स्तरोन्नतीको योजनामा परेपनि सम्बन्धित स्थानीय निकायसँग आबश्यक बजेट नभएका कारण काम भने भएको थिएन । पर्यटकीय महत्व बोकेको यो क्षेत्रमा नमूना सडक बनाउनका लागि विस्तृत अध्ययन प्रतिबेदन (डिपिआर) बनिसकेको र ठेक्का सम्झौताको चरणमा रहेको कास्कीका प्रमुख जिल्ला इञ्जिनियर नारायण प्रसाद श्रेष्ठले बताए । ताललाई असर नपर्ने गरी स्तरोन्नतीको काम गर्न आबश्यक सर्भे समेत गरिसकिएको छ, श्रेष्ठले भने-निकै संबेदनशिल भएर नमूना सडक निर्माण गर्ने योजना बनाएका छौं । जग्गा र घरको मुआब्जामा सामान्य बिवादका कारण निर्माणको काम रोकिएको उनको भनाई छ । सडक स्तरोन्नती गर्दा ३० भन्दा बढी घर हटाउनुपर्छ । विवाद भएको स्थानमा विश्व बैंकले लगानी गर्दैन ।

राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम (एसएनआरटीपी) परियोजना मार्फत १३ किलोमिटर सडक पक्की बन्न लागेको हो । सडक निर्माणका लागि जिविसले आबश्यक अध्ययन गरेर कागजातहरु केन्द्रमा पठाईसकेपनि केन्द्रबाट निर्णय हुन नसक्दा निर्माणको काम केही ढिला हुने भएको छ । बैदामको हल्लनचोकदेखि घाटिछिनासम्म करिब १४ किलोमिटर सडकमा स्तरोन्नीतको काम हुने इञ्जिनियर राजु रेग्मीले जानकारी दिए । पूरै सडक दुई लेनमा विस्तार हुन्छ, सुरुमा साईकल ट्र्याक र फुट ट्र्याक पनि बन्नेछ, उनले भने-अझै नमुना बनाउने तयारीले काम ढिलो भएको हो, केन्द्रबाट निर्णय आउने वित्तिकै टेण्डर प्रक्रिया सुरु हुन्छ । स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र फेवाताल अवलोकन र लेकसाइडको बजार विस्तारका लागि यो बाटो निकै महत्वपूर्ण हुने सरोकारवालाहरु बताउँछन् ।

कार्य प्रगतिको आधारमा बजेट आउने यो परियोजनाका लागि १३ करोड रुपैयाँ लगानी लाग्ने अनुमान गरिएको छ । यसबाहेक आसपासका सडक तथा सडक पुल निर्माणको काम पनि भैरहेको छ । जिविसले पामे र चापाकोट जोड्ने गरी फेवा खोलामा पक्की पुल निर्माण गर्दैछ । करिब ५ करोड रुपैयाँको लागतमा कात्रेमा मोटरेवल पुल निर्माण हुन लागेको हो । हाल बैदाम पामे घाटिछिना सडकमा पुल छैन । यो पुल निर्माण पछि चापाकोट र पामे गाविसको बीच भागलाई नै सीधा सडकले छुनेछ । जिविसकै सहयोगमा घाटिछिना स्थित मादिवाङ खोलामा पनि पक्की पुल निर्माण भैसकेको छ । सडक स्तरोन्नती हुने भएपछि स्थानीयहरु खुशी भएका छन् ।

फेवाताल यति सानो होला र घरमै गाडी आउला भन्ने सोचेका पनि थिएनौं, स्थानीय भक्त बहादुर गुरुङ भन्छन्-विकास आउँदा खुशी त लागेको छ, तर फेवाताल गुम्छ कि भन्ने डर पनि उत्तिकै छ । उनले संरक्षण सहितको विकासे अवधारणालाई अगाडी सार्नुपर्ने सुझाव दिएका छन् ।

# चापाकोटमा बन्यो बालमैत्री धारा
# अवसरमा समान पहुँच हाम्रो अभिभारा

मधु अधिकारी
९८४६०००८५१

कास्की जिल्लाको चापाकोट गाविस वडा नम्वर ७ की ६ वर्षिय प्रिती सुनारको अनुहार हँसिलो छ। सुख्या समय गर्मीको मौसम, पानीको प्यास लाग्ने वित्तिकै उनी दुर्गुदै धारामा पुग्छिन् , अनि धारा खोलेर धित मर्ने गरी पानी पिउँछिन् । छोराछोरी विद्यालय जानु अघि वा विद्यालय बाट फर्केपछि हात खुट्टा धाईदिनुपर्ने झ(न्झट छैन अव प्रितीकी आमा खेमकुमारी सुनारलाई । भनिन् - मेरो त काम गर्ने समय तालिका नै फेरिएको छ, बच्चाहरुलाई मुख, हात, खुट्टा धोइदिइरहनु पदैन। त्यसो त वडा नम्वर ७ कै ४ वर्षिय आरजु अधिकारी पनि विहान बेलुका घरको आँगमै जोडिएको धारामा पुग्छिन् अनि हात खुट्टा साबुन पानीले सफा गर्छिन् । त्यस क्षेत्रको पानी शुद्ध छ त्यसैले शुद्धीकरण गर्नुपर्ने आवश्यकता छैन। धाराको पानी सिधै पिउँदा हुन्छ।





यतिबेला चापाकोट गाविसका बालवालिकामा खुसीको सिमा छैन । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP ) कार्यक्रम जिल्ला विकास समिति मार्फत् गावि(वसमा हुन थालेपछि यो सम्भव भएको हो। गावि(वसमा नागरिक सचेतना केन्द्र स्थापना सँगै स्रोत साधन माथिको पहुँचको विषयमा छलफल हुँदै आउँदा आज उनीहरुले बालमैत्री धारा निर्माण गर्न सकेका हुन् । बालमैत्री धारा निर्माणबाट उनीहरु मात्र होइन अभिभावकहरु पनि खुसी छन् । एकातिर बालबच्चालाई धारामा लिएर जाने धारा खोलिदिने र बन्द गर्ने झन्झट हराएको



छ भने अर्कोतिर गाउँमा पानी लिनकै लागि घण्टै टाढा जानु पर्दैन । धारा बने सँगै घरबारी र वरपर हरियाली तरकारी पनि उत्पादन गर्न पाएका छन् । त्यस्तै शौच गरेपछि साबुन पानीले हात धुनेको संख्या पनि बढेको छ । अल्छी गरेर पानी टाढा हुँदा हात धुन झन्झट मान्नेहरुमा बालमैत्री धाराले जागर ल्याईदिएको छ ।

चापाकोट गाविसमा एक घर एक धारा निर्माण भएपछि खोला तथा कुवामा पानी लिन जानुपर्ने झण्झट हराएको छ । गाउँ भरी १ सय ५७ वटा धारा निर्माण गरिएको हो । जिल्ला विकास समितिको ४ लाख ६६ हजार र गावि( वसको २ लाख अनि जनश्रमदान समेत गरेर कुल ९ लाख ६६ हजार बजेटमा धारा निर्माण गरिएको हो । सोही रकमबाट गाविसमा एउटा सार्वजनिक शौचालय र एउटा सार्वजनिक धारा पनि निर्माण गरिएको गाविस सचिव युवराज पौडेलले जानकारी दिनुभयो । साथै सोही लागतमा २ वटा पानी ट्याडकी अनि ५ हजार मिटर पाइप पनि वितरण गरिएको हो ।त्यस्तै चापाकोट वडा नम्वर ७ का टेकमान अधिकारी घरघरमा धारा भएपछि पानी लिन खोला, कुवामा जानु नपर्दा त्यो समय खेतीपातीमा लगाउन पाएकोमा खुसी हुनुहुन्छ । उहाँ भन्नुहुन्छ - घरघरमा धारा निमार्ण भएपछि आगन छेउमा तरकारी फलेको छ । त्यस्तै सोही स्थानकी अनु अधिकारी पनि यस्तै सुनाउँछिन् - घरको छेवैमा खोला छ , बालबच्चाहरु घरघरमा बालमैत्री धारा भएपति खोला तिर ध्यान नदिएको उनको बुझाई छ । चर्पी गएपछि हरेक दिन साँझ विहान साबुन पानीले हात धुन सक्छन् छोराछोरीले मेरो काम गर्ने तालिका फेरिएको छ उनले खुसी व्यक्त गरिन् । हिड्न सक्ने बच्चाहरुले धारा पुग्न सक्छन् विहान उठेर व्रस गर्न, मुख धुन अभिभावक कुरेर बस्नु पर्दैन ।त्यस्तै चापाकोटकी ज्योति वि.कले वारी हरियाली बनाएकी छिन् । ताजा ताजा तरकारी घरमै फल्न थालेको छ , पानी भएपछि त रोपी दिए हुँदो रहेछ उनले भनिन् । बच्चाहरुले खोल्न बन्द गर्न सक्ने धारा भएपछि बारीमा पानी लगाउन उनले आफ्नो ९ वर्षिय छोरी प्रतिक्षा विक लाई लगाउँछिन् । कहिलेकाही आफुले नसक्दा पानी भर्न र भाडा सफा गर्न सिकाउन पनि सजिलो भएको छ ज्योतिलाई ।  यी त उदाहरण मात्र हुन् । गाउँमा बनेको हो बालमैत्री धारा तर यसको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव अन्य क्षेत्रमा पनि परेको छ । एकातिर चर्पी गएर सधै साबुन पानीले हात धुँदा स्वास्थ्यमा अन्य रोग लाग्ने सम्भावना कम भएको छ भने अर्कोतिर घरघरमा ताजा तरकारी उत्पादन भएको छ । देखिने परिवर्तन मात्र होइन, कुरेर बस्नुपर्ने झन्झट, बच्चादेखि नै आफ्नो हातखुट्टा धुने बानीले बालबालिकामा एक किसिमको आत्मविश्वास अवश्य उजागर गर्नेछ ।

# नागरिक सचेतना केन्द्रको काम
# आर्थिक आय आर्जनमा झुल्कदै छ घाम

✍ प्रकाश ढकाल
९८५६०-४८७००

कास्कीकोट ३ की नारायणी सुवेदी केही बर्ष अघिसम्म अरुको अगाडी बोल्न र आफ्नो कुरा राख्न धक मान्थिन् । पढेलेखेकै भएपनि समूहमा अरुको अगाडी उभिएर बोल्न उनलाई निकै डर लाग्थ्यो । अहिले उनी आफ्ना कुरा राख्ने मात्रै होइन गाउँघरका महिलालाई समेत भेला र बहसमा सहभागीतका लागि प्रोत्साहन गर्ने गर्छिन् । चार बर्ष अघि जिल्ला विकास समिति कास्की मार्फत नागरिक सचेतना केन्द्र गठन भएपछि समूहमा छिरेकी उनलाई जति ठूलो हुल



भएपनि बोल्न डर लाग्दैन । स्थानीय महिलाकै सक्रियतामा समूह बनाएर काम गर्न थालेपछि उनको नेतृत्व क्षमता बढेको हो । गाविसमा रहेकी सामाजिक परिचालकले सहयोग गरेकाले पनि काम गर्न आत्मविश्वास र हौसला मिलेको उनी बताउँछिन् । कतै भेला बैठक भयो भनेपनि हामी जान पाउँदैनाथ्यौं, पुरुषहरु मात्रै जान्थे, उनले भनिन्-अहिले ठ्याक्कै उल्टो भएको छ, श्रीमानहरु मेलापात गएर हामीलाई बैठकमा पठाउँछन् । महिलाहरू उत्पादन गर्न, र बेचविखन गर्न तथा आर्थिक लाभ लिन स्वतन्त्र छन् ।

उनी मात्र होइन, नागरिक सचतेना केन्द्रमा आवद्ध अन्य महिलाहरुको जीवनमा समेत परिवर्तन आएको छ, अहिले । केन्द्रमा २६ जना महिलाहरु आवद्ध छन् । केन्द्र हुनुअघि उनीहरु आफ्नो नाम समेत भन्न हिच्किचाउँथे तर अहिले आफ्नो परिचय सजिलै दिन सक्छन् । उनीहरु केन्द्रको भेलामा दुःख सुखका कुरा गर्ने, सरसफाई, ब्यवासायिक कामका बारेमा समेत छलफल गर्छन् । एकले सिकेको कुरा अरुलाई पनि सिकाउँछन् । सचेतना केन्द्रमा आबद्ध महिलाहरुका कारण गाउँको मुहार नै फेरिएको बताउँछिन् कास्कीकोट गाविसकी सामाजिक परिचालक रिता गिरी । अहिले त

गाउँको मुहार नै फेरिएको छ, गिरीले भनिन्-नागरिक सचेतना केन्द्र स्थापना पछि गाउँलेहरु शिक्षा, स्वास्थ्य र सरसफाइमा ध्यान दिन थालेका छन् । नागरिक सचेतना केन्द्र स्थापना भएसंगै चुल्हो चौकामा  रुमलिने महिलाहरु केन्द्रमा जाने र ज्ञान आर्जन गर्नेतर्फ अग्रसर छन् । केन्द्र स्थापना पछि अहिले उनीहरु सबै सामाजिक काम एकआपसमा मिलेर गर्छन् । पहिले होहला, भ्रैभ्रगडा हुने गर्दथ्यो । गाउँभरी जतातत्तै फोहोर हुन्थ्यो, सचेतना केन्द्रकी अध्यक्ष इन्दीरा सुवेदी भन्छिन्-अहिले सामान्य भनाभन पनि हुँदैन । केही भैहाल्यो भने त्यसलाई साम्य पार्न हामीले निगरानी समूह पनि गठन गरेका छौं । महिलाहरु चुलो चौकाबाट बाहिर निस्कीनु हुँदैन र समाजमा घलमिल हुनुहुँदैन भन्ने धारणा विस्तारै परिवर्तन हुन थालेको छ । बालबच्चा हुर्काउने र घरायसी काममा नै समय वित्थ्यो कास्कीकोटका महिलाहरुको । तर अहिले त्यस्तो छैन । उनीहरुको आजकल जीवनशैली फेरिएको छ । दुईचार पैसा चाहिएमा श्रीमानसँग माग्नुपर्ने अवस्था पनि छैन । बरु श्रीमानलाई चाहियो भने श्रीमतिले नै दिन सक्ने हैसियत राख्छन् ।

नागरिक सचेतना केन्द्र मार्फत घुम्तीकोष परिचालन गरेर उनीहरुले ब्यवसायिक कुखुरापालन र तरकारी खेती गरेका छन् । जिल्ला विकास समितिले उपलब्ध गराएको १ लाख रुपैयाँलाई समूहमा सस्तो ब्याजमा लगाएर उनीहरुले आम्दानी बढाएका छन् । सुरुमा २५ हजार रुपैयाँ केन्द्र मार्फत ऋण लिएर कुखुरापालन गरेकी स्थानीय राममाया सुवेदीको खोरमा अहिले १ हजार कुखुरा छन् । केन्द्रबाट उनले ६ प्रतिशत ब्याजमा ऋण लिएकी थिईन् । लिएको ऋण फिर्ता गरेर अहिले नाफा कमाउन थालिसकेको बताउँछिन् राममाया । उनको प्रगति देखेर छरछिमेकमा अहिले कुखुरा पाल्ने लहर नै चलेको छ । जिल्ला विकास समितिले अहिले सोही गाविसको वडा नम्बर ५ मा पनि नागरिक सचेतना केन्द्र स्थापना गरिदिएको छ । अधिकांश दलित र जनजाति सदस्य रहेको यो केन्द्रमा पनि अहिले नियमित बैठक र शिक्षा आदान प्रदानको काम भैरहेको छ । विस्तारै सरसफाईमा पनि लाग्न थालेका छन्, उनीहरु । समूहमा आवद्ध भएपछि भेला हुने, बचत गर्ने, आयमुलक कार्यको सुरुवात गरेको केन्द्रकी अध्यक्ष राममाया विकले बताईन् । गाविस सचिव नारायण प्रसाद अधिकारी महिलालाई चुलोचौको छोडेर विभिन्न कार्यक्रममा सहभागी हुन कर्( ठनाई भएपनि उनीहरूको सहभागिता र क्रियाशिलताले विस्तारै परिवर्तन हुन थालेको बताउँछन् । महिलाहरु संगठीत भएर कृषि पेशा सुरु गरेका छन्, उनले भने-व्यावसायिक रुपमा जान सके अभ्र धेरै महिलाले फाइदा लिन सक्छन् । आयआर्जनका काम र कार्यक्रममा बढ्दो सहभागितासँगै महिलामा निर्णय गर्ने पहुँच समेत बढेको उनको बुभ्राई छ । उनका अनुसार निर्णय गर्ने तहमा पुरुषहरू नै भएपनि अहिले महिलासँग सल्लाह गर्ने परिपाटी शुरु भएको छ । गाविसमा पनि महि( लाहरुले आफ्नै उपस्थितीमा योजना छनौट र कार्यान्वयन गर्ने गरेको उनले बताए ।

जिल्ला विकास समिति कास्कीले जिल्लाभर सबै गाविसमा नागरिक सचेतना केन्द्र स्थापना गरेर विपन्न बर्गमा आय आर्जनको काम गरिरहेको छ । जिल्लाका ३२ गाविसमा हाल ६४ वटा नागरिक सचेतना केन्द्रहरु सञ्चालनमा छन् । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडीपी) मार्फत नागरिक सचेतना केन्द्र गठन र सञ्चालन गरिएको हो ।

# सफल भयो एक घर एक धारा अभियान गाउँमा आएको छ विकासको आयाम

✍हिमलाल पौडेल
९८५६०-५९५८९

कास्की जिल्लाको ल्वाङघलेल गाविस वडा नम्वर ४ नयाँपुल की तुलसी सुवेदी दिनमा समय निकाल्न सक्ने भएकी छिन् । घरको आँगनमै धारा जोडिएपछि उनको कामको ताप घटेको छ । पानी लिन लाइन बस्नु पर्दैन एकातिर भने अर्कोतिर कुवातिरै जाने झण्झट पनि हराएको छ ।



ल्वाङघलेल गाविसको वडा नम्वर ४ मा साना पुर्वाधार विकास तर्फको ३ लाख १५ हजार रुपैयाँबाट एक घर एक धारा बनाइएको हो । गरिव तथा विपन्न समुदायलाई समेटेर गठन गरिएको नागरिक सचेतना केन्द्रका ३० घरधुरीमा धारा निर्माण गरिएको छ । अहिले एकदमै प्रभावकारी ढंगबाट संचालन भैइरहेको छ, ५, ६ वटा घरका लागि एउटा धारा थियो, कहिलेकाँही त मुहानमै ट्याङ्की तथा पाइप विग्रिदा पानी लिनका लागि कुवा, पधेरा जानुपर्ने अवस्था थियो नागरिक सचेतना केन्द्रका सदस्य विना रानाले भन्नुभयो । सवैले सवैकाम धारामा नै गर्ने हुँदा पानी थाप्नका लागि धेरै समय पर्खनुपर्ने अवस्था थियो । ल्वाङको झरनालाई मुल बनाएर आएको पानीलाई ट्याकी बनाई जम्मा गरी ३० धारामा वितरण गरिएको हो ।



१० हजार धनमिटरको क्षमता भएको ट्याकी निमार्णका लागि साना पुर्वाधार तर्फको बजेट ३ लाख १५ हजार, ८० हजार बराबरको जनश्रमदान अनि गाउँका सन्तोष गुरुडले नगद ६ हजार पैसा र विरबहादुर गुरुडले पनि ६ हजार बराबरको गिरी बालुवा बोकेको ट्याक्टरलाई भाँडा दिनुभयो ।

अहिले पानी बोक्नु परेको छैन, आँगनमै धारा छ। पानी चाहिदाँ जतिबेला पनि थापेर लैजान सकिन्छ। पालो कुरेर बस्नु पदैन ।जतिबेला धारा खोले पनि हुन्छ। धेरै सुविधा भएको छ। घरबारीमा तरकारी गर्न पाईएको छ। घरआगनै हरियाली भएको छ। टनेलमा तरकारी फलाउन थालेका छन् सदस्यहरुले । पहिला पहिला वर्खा लाग्यो की पहिरोले पानीका पाइप बगाएर लैजाने थियो। घरी घरी विग्रिएर बनाउन जानुपर्ने थियो। अहिले त्यो समस्या छैन। गाविसमा एकमात्र सञ्चालित व्लक उद्योग पनि यही धाराको पानीबाट नै चलेको छ एकै स्वरमा सवै भन्न भ्याउनुभयो नागरिक सचेतना केन्द्र ४ नम्वर वडाका संयोजक कृष्णकुमारी थापा मगरले ।

नागरिक सचेतना केन्द्र सदस्य तथा मर्दीखोला खानेपानी उपभोत्ता समितीका अध्यक्ष खडानन्द गौतमले काम गरेको जस पाउँनुभएको छ। सचेतना केन्द्रका सदस्यहरु उहाँलाई धन्यवाद दिन्छन्। धेरै पटकको वैठक र सरसल्लाहबाट यो काम सम्पन्न गर्न सहज भएको हो। पानीको धारा घरघरमा पुगेपछि सदस्यहरु खुसी छन्।

# चौमासिक रूपमा हुनथाल्यो सार्वजनिक सुनुवाई गुनासो राख्ने कार्यमा महिलाहरूको अगुवाई

✍ सावित्रा कोइराला
९८१६१९६१९०



जिल्ला विकास समिति कास्कीले आर्थिक वर्ष २०७१/०७२ अन्तर्गतको अन्तिम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम कास्कीको भरतपो खरी, निर्मलपोखरी, पुम्दीभुम्दी र कृस्ति गाविसलाई समेट्ने गरी २०७१ असार २० गते युवा वर्ष प्रा. विक मेरेमा गर्‍यो । वर्खाका कारण तोकिएको समय भन्दा निकै ढिला नागरिकहरुको उपस्थिती रह्यो । विषयगत कार्यालयका प्रमुखहरु सहित जिल्ला विकास समितिका विभिन्न विभागका प्रमुख उपस्थित उक्त कार्यक्रममा कृस्ति वडा नम्वर ४ कीजयश्वरी सुवेदी जुरुक्क उठिन्, माइक हात मालिइन् र गुनासो राख्न थालिन् । पोखरा १७ छोरेपाटन र कृस्ति गाविस जोड्ने मोटरेवल पुल निर्माण गर्ने क्रममा मेरो धैरै जग्गा गयो, बाँकी जग्गा संरक्षणका लागि तार जाली आवश्यकता परेको छ यसको सुनुवाई हुनुपर्‍यो ? त्यसको तत्काल जिल्ला प्राविधिक कार्यालयका प्रमुख इन्जिनियर नारायण प्रसाद श्रेष्ठले जवाफ दिईहाल्नु भयो यहाँले उठाएको माग जायज छ, पुल सडक विभाग अन्तर्गत बनेको छ । पुल बनाउँदा माथिल्लो भागको निर्माण सँगै तल्लो भाग नदी नियन्त्रणको कामपनि सँगसँगै हुनुपर्ने थियो त्यति बेला तपाईहरुले उठाउनुभएन । आवश्यक कागजात र जानकारी सहित जिल्ला विकास समितिमा आउनुहोला आवश्यक जाली हामी उपलव्ध गराउने छौ ।

त्यस्तै जिल्लाविकास समितिले २०७१ कार्तिक २१ गते कास्कीको कालिका गाविसको भैसेमा गरेको सार्वजनिक सुनुवाईमा कालिका वडा नम्वर ४ की विष्णुमाया पौडेलले महिला सशत्तीकरणको नाममा भाषण मात्र हो की महिला तथा बालबालिका कार्यालय अनि जिल्ला विकास समितिले कस्तो रणनिति लिएर काम गरिरहेको ? भनेर सोधीहालिन् । त्यस्तै विष्णुमाया तिवारीले पनि सँगै अर्को प्रश्न गरि हाल्नुभयो कसेरी भैसे थुमाकोडाँडा सडकलाई कुन निकायले हेर्छ ? महिला सशत्तीकरण सँगसँगै आर्यआर्जनका कार्यक्रमहरु के कस्ता छन्  ?

त्यस्तै जिल्ला विकास समिति कास्कीले २०७१ फागुन २८ गते कास्कीको दाङसिङ गाविस विरेठाटीमा गरेको सार्वजनिक सुनुवाईमा पनि नागरिकको सहभागिता उल्लेख्य रह्यो । अरु बेलामा बोलेर काम छैन । सार्वजनिक सुनुवाई कार्यक्रममा विषयगत कार्यालयका प्रमुख तथा जिल्ला विकास समिति कास्कीका स्थानीय विकास अधिकारीलाई प्रत्यक्ष प्रश्न र गुनासो राख्नपाउने आशमा गाउँगाउँबाट नागरिकहरु कार्यक्रम स्थलमा आउने गर्दछन् । सो दिनकार्यक्रम सुरु हुने वित्तिकै मिना गुरुङको हात उठ्यो, रामप्यारी माविको प्रध्यानाध्यापक हुन् उनी । गुनासा तथा प्रश्न राख्न थालिन् वडा नम्वर ५ र ६ जोड्ने घट्टेखोलामा पुल ३ वर्ष अगाडी नै बन्छ भनिएको थियो अहिलेसम्म सुरसार देखिएको छैन आजसम्म कहाँ के काम भईरहेको छ जानकारी पाउँ? वडानम्वर ६ मा विजुलीको पोल नभएर तारहरु भईमा लत्रिएका छन्, जनताको जिउज्यानको



सुरक्षाका लागि पनि केही पहल गनुपर्‍यो भनेर उनले जोडकातोड सँग आफ्नो गुनासो राखिन् ।

त्यस्तै दाडसिड १ की उमा गुरुङ बाटो खन्ने बेलामा पहिरोले जग्गा सवै बगायो जनतालाई मारेर विकास गर्ने होकी जनताका लागि हो ? तारजाली दिनुपदैन ? उनको खरो प्रश्न थियो ।

त्यस्तै सोही कार्यक्रममा दाङसिङ ५ की लक्ष्मी पौडेलले पशु सेवा कार्यालय सँग सम्वन्धित, मैना सुब्बा परियारले पहिरो र यसको समस्यासँग सम्वन्धित, मिना गुरुङले सार्वजनिक जग्गा हिनामिना सम्वन्धि, धनकुमारी क्षेत्रीले लक्षितवर्ग कार्यक्रम अन्तर्गत महिलाका लागि छुट्टिएको १० प्रतिशत रकम सहज रुपमा प्रयोग गर्न नपाएको गुनासो गरिन् ।

स्थानीय नागरिकहरुमा विषयवस्तुको जानकारी भई विषयगत कार्यालय समक्ष यसरी प्रश्न र ाख्न सक्नु पनि ठुली परिवर्तन हो । ५ वर्ष अघिसम्म पनि महिलाहरु कार्यक्रममा सहभागी हुने

अनि बोल्ने भन्ने कुरै थिएन तर अहिले महिलाहरुलाई यो कार्यक्रममा तिमीहरु बोल्नै पर्छ भनि र ाख्नुपर्दैन ।

जिल्ला विकास समिति कास्कीले पछिल्लो समय सेवाग्राहीको चेतनाको स्तर बढेसँगै गाउँको स–सानो योजनाहरुको समेत कति रकमको हो ? कहाँबाटआएको? कहिले सम्ममा सम्पन्न गरिसक्नु पर्ने? जस्ता विषयहरु खोजीका विषय बन्ने गरेका छन् । सबैको बजेट बाटोमै खर्च गरौं भन्ने भावना देखिएको र  बाटोमा दलित, बालिबालिका, महिला सबै हिडिहाल्छन् नि भन्ने अवधारणाको विस्तारै अन्त्य हुदै गएको देख्न र अनुभूति गर्न पाइएको छ ।

दाङसिङ गाविसमा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा महिलाहरुको बजेटको सन्र्दभमा महिलाहरुकै प्रतिनिधीको उपस्थिती र गुनासो अनि प्रश्नले समेत सो कुरा प्रष्ट्याएको छ । जे होस सरकारी तथा गैर सरकारी सघसंस्थाको सुशासन प्रत्याभूती गराउने प्रयास कास्की जिल्लामा प्रभावकारी बन्दै भएको देख्न पाइन्छ । ‘सरकारसँग जवाफ खोजौं है’ भन्दै जिल्लाका अधिकांश गाविसमा आफै पुगेका स्थानीय विकास अधिकारी दामोदर भण्डारीले जनता सचेत भएमात्रै काम गर्न सहज हुने धारणा राख्नुहुन्छ ।

जिल्लाका २७ वटा गाविसहरुमा बडा नागरिक मंच, नागरिक सचेतना केन्द्रका सदस्यहरु लगायत अन्यबिपन्न समुदायहरुलाइ स्थानीयशासन तथा सेवाप्रवाहका बारेमा सचेतिकरण तथा क्षमता विकासका गतिविधीहरु गर्दै आएको यसले सार्वजनिक सुनुवाइलाई प्रभावकारिता तथा कार्यबिधी अनुसार गर्न प्रोत्साहन गरी रहेका बारेमा योजना अनुगमन तथा प्रशासकिय अधिकृत किर्तन राज पौडेलले बताउनु भयो ।

अहिले जनताहरु आफैँ भेलाहुने, आफ्नो समस्या निर्धक्कसँग राख्न सक्ने तथा योजनाको छनौट गर्न निर्णयात्मक भूमिका निर्वाह गर्ने र आफ्नो योजनाहरु वीच बाटोमै हराएमा खवरदारी गर्न सक्ने भएको देख्दा खुसी हुनुहुन्छ उहाँ कार्यक्रमको उदेश्य अनुरुप प्रभावकारी कार्य गाउँगाउँमा भएको छ । यिनै यस्तै कार्यले निरन्तरता पाए मात्र भने पनि स्थानीय निकायले दिने सेवा सुविधामा आम नागरिकहरु अनविज्ञ हुने थिएनन् ।

# पुरुन्चौर १ भयो मुक्त धुँवा स्वस्थ हुन थाले आमा बुबा

स्मीता अधिकारी
९८४१९६०६४५

विकासका गतिबिधिमा महिलाको सक्रियता आवश्यक छ भन्ने कुरा कास्कीको पुरुन्चौर गाविसकी चोलामाया गौतमले विगतका वर्ष देखी नै सुन्नुभएको थियो । नागरिक सचेतना केन्द्र वडा नम्वर १ की संयोजकको रुपमा गाविस लगायत अन्य सरकारी, गैरसरकारी संस्था लगायतका अन्य कार्यक्रममा भाग लिन थालेपछि उहाँलाई यस्ता कुरामा चासो लाग्न थालेको छ । स्थानिय विकासका लागि संचालित अभिमूखीकरण र अर्न्तक्रियामा भाग लिन थालेपछि समाजविकासका लागि आफ्नो तर्फबाट पनि केही गर्नै पर्छ भन्ने लाग्यो उहाँलाइ । यसैक्रममा, उहाँ जस्तै भावना भएका त्यस क्षेत्रका केही महिला एकजुट हुनुभयो र उहाँहरुको पहिलो योजनाको लागि पहिलो निचोड निस्कीयो -आ -आफूले जाने सिकेका र चाख लागेका काम सार्वजनिक रुपमा प्रष्फुटन गर्ने । उहाँहरुले जम्मा जम्मी ३० जना महिला भेला पार्नुभयो र पहिलो चरणमा गाउँभरी सुधारिएको चुल्हो बनाउने अभियान लिएर स्थानिय गाउँविकास समितिको कार्यालयमा पुग्नुभयो । अन्तत उहाँहरुले प्रस्ताव गरेको सो योजना गाउँ परिषदबाट पारित भयो र अहिले उहाँहरु आफ्नो अभियानमा सक्रियताका साथ लागि रहनुभएको छ । “सबैको हित हुने काम आँट्नु मात्रै पर्छ पूरा हुने त कुरै भएन नी” दृढ आवाजमा उहाँले भन्नुभयो । स्वच्छ, सफा र आत्मनिर्भर गाउँ बनाएर पर्यटन प्रवर्द्धन गर्ने उहाँहरुको दिर्घकालिन उद्देश्य रहेछ । “विकासको पहिलो खुड्कीलोका रुपमा सुधारिएको चुल्हो रोजेका हौं” चोलामायाले भन्नुभयो ।



जिल्लाविकास समिति अन्तर्गत गाविसस्तरमा गठन भएका नागरिक सचेतना केन्द्र मर्फत पुरुन्चौर गाविसको वडा नं १ मा सुधारिएको चुल्हो कार्यक्रम संचालन भएको हो । अहिले गाउँमा सरकारी र व्यत्तिगत तर्फबाट गरि  गाविसको वडा नं १ का जम्मा २७ वटा घरमा सुधारिएको चुल्हो बनेका छन् र त्यो काममा चोलामाया सहित नागरिक सचेतना केन्द्रमा आवद्ध २६ जना महिला सहभागि छन् । चुल्हो बनाउने स्थानिय सिपमा निखार ल्याउन जिल्ला विकास समितिले नागरिक सचेतना केन्द्रको सदस्य मध्यकी एक महिलालाई तालिम पनि दिएको थियो । कार्यक्रम कार्यान्वियन स्वरुप सचेतना केन्द्रबाट २२ वटा चुल्हो सार्वजनिक रुपमा बनाएपछि अहिले उनीहरु व्यवसायिक रुपमा पनि चुल्हो बनाउने काममा लागेका छन् । उनिहरुले एउटा चुल्हो बनाइदिए वापत रु १४ सय रुपैया लिने गरेका छन् । चुल्हो बनाउने काममा सबैभन्दा सक्रिय चोलामाया गौतमका अनुसार , अहिले गाउँमा एक पछि अर्को गर्दै चुल्होको माग बढीरहेको छ । यसबाट आम्दानी पनि राम्रै भएको हुँदा अन्य वडाका पनि केही महिलाहरु सिप सिक्ने आशय सहित उहाँहरुको समूहमा आउन खोज्नुभएको छ। सचेतना केन्द्रको प्रतिनिधित्व गर्दै  एक जनाले तालिम लिएपछि उसले समुहका सबैलाइ सिकाउनु पर्ने नियम हुन्छ । केन्द्रको तर्फबाट चोलामायालेनै जिबिसले दिएको सो तालिम लिनु भएको थियो तर  समूहमा सिप बाँड्नमा भने धेरै समस्या भ्रेल्नुपरेको उहाँले बताउनु भयो ।  धेरैजसो महिला खेतीपाती र घरधन्दामा व्यस्त हुनुहुन्छ भने कतिपयले घरबाट बुहारीलाइ बाहिर निस्कन नदिने गरेकोले चुल्हो बनाउन उहाँहरुलाइ लिएर हिंडन असहज भएको चोलामायाले सुनाउनुभयो । “सबै भन्दा ठूलो चुनौती त घरको कामबाट फुर्सद निकाल्नु नै हो ,  हाम्रा गामका महिलाले यस्ताकाममा भाग लिन की त पुस माघको हिउँद कुर्नुपर्छ कि त बर्खा सकिएको हुनु पर्छ” उहाँले भन्नुभयो ।

सुधारिएको चुल्हो बनाउनका लागि सिप सहित, आवश्यक अन्य स्रोत साधन भनेको माटो, इट्टा र डिजाइन अनुसार आवश्यकता हेरी फलामको ओदान वा ग्याँस चुल्होमा राखिने ओदान नै हो । यो चुल्हो एक पटकमा दुइवटा भाँडा बसाल्न मिल्ने गरि दुइवटा मुख राखेर बनाइएको हुन्छ तर दाउरा छिराउने  भने एउटामात्रै मुख बनाइएको हुन्छ । त्यसैगरी चुल्होको अर्कापट्टी मुखसँगै जोडिइनेगरि चिम्नी बनाइएको हुन्छ । इटाबाट बनाइने सो चिम्नीमा चुल्होको दुबै पट्कीको धुवाँ जम्मा भइ व्यवस्थीत रुपमा उत्सर्जन भएको हुन्छ । स्थानिय स्तरमै उपलब्ध स्रोत साधनबाट बनाउन मिल्ने भएकोले यो चुल्हो कम खर्चीलो छ र धुवाँ उत्सर्जन कम हुने हुँदा स्वस्थय र पर्यावरणका लागि पनि उपयुक्त छ । “आफ्नो सिप पनि विकास हुने गाउँको विकास पनि हुने” सुधारिएको चुल्हो बनाउने तरिका बताउने क्रममा पुरुन्चौर १ कै मिठु त्रिपाठीले भन्नुभयो ।

स्थानीय सिप प्रवर्द्धन गर्दै विकासात्मक क्रियाकलापमा सबै तह र तप्काका मानिसको सक्रियता बढाउने प्रयास स्वरुप गाउँ विकास समितिले  सुधारिएको चुल्हो कार्यक्रम, कार्यन्वयन गरेको हो। स्थानिय मानविय तथा भौतिक स्रोत परिचालनका लागि पनि यो कार्यक्रम महत्वपूर्ण

छ । सुधारिएको चुल्होबाट व्यक्तिगत, सामाजिक र व्यवसायिक रुपमा धेरै फाइदा भए पनि यो अभियानमा सबै सदस्यहरुलाइ सक्रिय सहभागी गराउन नसकिएको गाविस कार्यलयका अधिकारीहरु बताउनुहुन्छ । गाविसका सामाजिक परिचालिका सविता वाग्लेका अनुसार सचेतना केन्द्रमा आवद्ध महिलामध्ये एक तिहाइमात्र यो काममा सक्रिय हुन सकेका छन् । समुहका बैठकमा देखीइनुहुने सबैलाइ परिचालन गरिने हो भने यस बाट दिर्घकालिन फाइदाहुने राय उहाँको छ । सचेतना, अभिमूखिकरण तथा तालिम कार्यक्रम स्थानियस्तरमै हुन नसक्नु समस्याको जड भएको उहाँले बताउनु भयो । स्थानिय कच्चापदार्थ, सिप र मानविय स्रोतमै कार्यक्रम संचालन गरि स्थानिय श्रमदान, स्रोत उपयोग र जनसहभागिता सुनिश्चित गर्न गाविस कार्यालयले भावि योजना बनाएको सचिव हरि प्रसाद अधिकारीले जानकारी दिनु भयो । उहाँका अनुसार, ९ वटै वडाका महिला समेटेर नेतृत्वविकास र क्षमता अभिबृद्धी तालिम हालसालै सकिएको छ ।

सन् २०१७ सम्म नेपाललाई धुवाँ मुक्त राष्ट्र बनाउने नेपाल सरकारको योजना छ । सोही अनुरुप यतिबेला स्थानिय स्तरमा सुधारिएको चुल्हो कार्यक्रमका लागि राष्ट्रिय स्तरबाटै सहयोग भएको हो । सामाजिक र व्यवसायिक रुपले मात्र नभएर पर्यावरणीय हिसावले पनि सुधारिएको चुल्हो कार्यक्रम पुरुन्चौर गाउँका लागि महत्वपूर्ण छ । हरेक भान्छा धुवाँ मुक्त बनाउनु भनेको पर्यावरणमा कार्बन उत्सर्जन कटौती गर्नु हो र जलवायु परिवर्तनलाइ सन्तुलनमा राख्नु हो । यस्ता क्रियाकलापले अन्तत पर्यटन विकासलाइ नै सहयोग गरेको हुन्छ । पुरुन्चौर गाविस विश्वकै पर्यटन विकासको हिस्सेदार मध्यको एक भौगोलिक क्षेत्र हो किनकी  यो ठाउँ संसारकै उत्कृष्ट मध्यको एक मानिएको ट्रेकीङ्ग रुट अन्नपूर्ण पदयात्रा मार्गको प्रस्थान बिन्दुका रुपमा रहेको छ । सार्दीखोलाबाट सिक्लेस हुँदै  पोखरा पुग्न सकिने गरि किर्कुपास ट्रेक का रुपमा  सरकारले नयाँ पदयात्रा मार्ग संबन्धि योजना पनि बनाएको छ । त्यसैले पनि यहाँ सामाजिक विकासका साथै पर्यावरण संरक्षण सम्बन्धि कार्यक्रमको सान्दर्भीकता बेग्लै छ र वातावरण संरक्षणमा स्थानिय सहभागिता  अनि राष्ट्रिय सहयोग अपरिहार्य छ ।

# सिस्नोघारीमा देखियो युवाको पौरख
# घ्याम्राङमा अलैंची खेती सबैको गौरव

✍ प्रकाश ढकाल
९८५६०-४८७००

लहलह धान झुल्ने खेत । मुरीका मुरी धान बोकेको याद ताजै छ । बीस बर्ष अघि खेतबाट धानको बोरा बोकेपछि त्यो डाँडाको चौतारीमा पुगेर विसाउँथ्यौं । अनि अर्को खेपमा घरमा पुऱ्याएर पिँढीमा पछार्थ्यौं । गराभरी धान लाउने खेताला हुन्थे । तर अहिले धान फल्ने त परैको कुरा खेतको निसाना सम्म भेटिँदैन । परिश्रम अनुसार उब्जनी नभएपछि बाबुबाजेले खेती गर्न छोडे । खेतमा काँडा र सिस्नो हुर्कियो । त्यसपछि त यहाँ आएर कहिलै कसैले खेती गर्लान् भन्ने कल्पना समेत गरेको थिईन । कास्कीको नामार्जुङ स्थित घ्याम्राङका भोज बहादुर गुरुङले भने-तर मनमा दृढ इच्छा हुनुपर्छ मेहनत गर्ने हो भने जस्ता पहाडमा पनि सुन फलाउन सकिँदो रहेछ । करिब एक बर्षअघि स्थानीय यूवाहरुले सिस्नो र काँडाघारी फाँडेर अलैंची रोपेको देखेपछि उनी पनि साथ लागे । यूवाहरुसँगै मिलेर घारी फाँडे र उनीहरुसँगै मिलेर अलैंची रोपे ।



उनीहरुको समूहमा १६ जना छन् । तिमध्ये ४ जना विदेशबाट फर्किएका र बाँकी चाहीँ गाउँघरमै सामान्य खेतिपाति गर्ने । घ्याम्राङ अलैंची समूह गठन गरेर यहाँका युवाहरुले गाउँ नजिकैको पूरानो खेत भएको जंगलमा अलैंची रोप्ने निर्णय गरे । तीन महिना लगातार जंगलको सिस्नो र काँडाघारी फाँड्दैमा उनीहरुको दिनचर्या वित्यो । गत बर्षको फागुनदेखि जेठसम्म जंगल फाँड्ने र अलैंचीको विरुवा रोप्ने काम गरे । जतातत्तै सिस्नो र काँडाको घारी थियो, घाँस काट्न जानेहरु पनि डराउँथे, त्यस्तो जंगललाई फाँडेर अहिले अलैंची लहलाउने बनाएका छौं, समूहका सचिव देवन गुरुङले भने-एकबर्ष अघिसम्म काँडा र सिस्नोको घारीमा मान्छे हराउँथे, अब एकदुई बर्षमा अलैंची घारीमा हराउँछन् । घारी फाँडेर अलैंची रोप्नु कम्ती गाह्रो भएन, एक बर्ष पहिले घारी फाँड्न

जाँदा सिस्नोले पोलेको अनुभव सुनाउँदै उनले भने-सिस्नोघारी फाँड्न कहाँबाट सुरु गरौँ भन्ने लाग्थ्यो, जता खुर्पा बजोरपनि सिस्नोको टुप्पो आफैँतिर आईलाग्थ्यो, सिस्नोले पोलेर कति दिन त भात पनि खाएनौं । घ्याम्राङ गाउँका युवाहरु अहिले दिनभरी अलैंचीबारीमा डुल्छन्, गोडमेल गर्छन् र साँझ परेपछि घर फर्किन्छन् । राम्रो आम्दानी हुने सुनेका उनीहरु विहानदेखि बेलुकीसम्म नै यसैमा तल्लिन हुन थालेका छन् । उनीहरुले करिब ५ सय रोपनी क्षेत्रफलमा ५० हजार भन्दा बढी अलैंचीका विरुवा रोपेका छन् । कास्कीकै ल्वाङघलेल र लमजुङको भुजुङबाट विरुवा ल्याएर रोपेका हुन् । उनीहरुलाई विरुवा ढुवानीका लागि भने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापले सहयोग गरेको थियो । ढुवानीका लागि एक्यापले ३३ हजार रुपैयाँ सहयोग गरेको समूहका सदस्य मकनसिंह गुरुङले जानकारी दिए । अलैंचीको विरुवा खरिद र ढुवानीका लागि मात्रै उनीहरुले ६ लाख रुपैयाँ भन्दा बढी खर्च गरिसकेका छन् । अझै लगानी बढाएर एक लाख भन्दा बढी विरुवा रोप्ने लक्ष्यमा रहेको गुरुङले बताए । देशभरमै नमूना अलैंची बँगैचा बनाउने र कृषि पर्यटनमार्फत आयआर्जन गर्ने हाम्रो योजना छ, गुरुङ भन्छन्-इलामको चियाबारी हेर्न गएझैं केही बर्षमा घ्याम्राङको अलैंची बारी हेर्न विद्यार्थीहरु आउनेछन् । कास्कीको सुदुर उत्तरमा पर्ने नामार्जुङ गाविसको दुईवटा विकट वडा मिलेर बनेको यो गाउँमा ५१ घरधुरी छ । जहाँ ३५० भन्दा बढी मानिसहरु बसोबास गर्छन् । यिमध्ये ४/५ जना सरकारी जागिरमा छन् भने १५/२० जना बैदेशिक रोजगारीमा गएका छन् । बाँकी रहेका सबैजसो युवाहरुलाई अलैंचीखेतिमा आकर्षित गर्ने समूहले जनाएको छ । छिमेकी गाउँका सहेलीहरु दिनहुँजसो बिदेश हुत्तिरहँदा यि युवाहरुलाई कहिल्यै विदेश जाउँजस्तो पनि लागेन । उनीहरु भन्छन्-पैसा कमाउनकै लागि बिदेश गएर दुःख भोग्नु पर्दैन, परदेशमा बगाउने पसिना आफ्नै ठाउँमा बगाए आम्दानी बढाएर घर परिवार समृद्ध बनाउन सकिन्छ । सुरुमा त गाउँका मान्छेले यिनीहरु बौलाए पनि भने, लक्काजवान भएपछि लाहुर जानुपर्छ भन्नेहरु पनि प्रसस्तै थिए, उनीहरु भन्छन्-तर हामीलाई विदेश भन्दा यसैमा लगाव छ, यहीँ केही गरेर देखाउने आँट गरेका छौं । एक बर्षभित्रै अलैंची उत्पादन सुरु हुने समूहका अध्यक्ष नर बहादुर गुरुङले बताए । रोपेको एक बर्ष पुग्न लाग्यो, दुई बर्षपछि फल दिन थाल्छ, उनले भने-अब त्यो दिन टाढा छैन । पहिले त क्याल्कुलेटरमा हिसाव गरेर दंग भईन्थ्यो, तर खल्तीमा सुको थिएन, अरुले अलैंची रोपेर यति कमाए भन्ने समाचार सुन्दापनि डाहा लाग्थ्यो, त्यसैले हामीले पनि समूह बनाएर अलैंची रोप्यौं, खेती राम्रो भएको देखेर अहिले त शेयर लगानी गर्नेहरु पनि आउन थालिसके ।

कास्कीमा अलैंचीको सम्भावना निकै राम्रो छ । हावापानीको दृष्टिकोणले पनि अलैंचीको लागि यो जिल्ला उपयुक्त मानिन्छ । तर यहाँका थुप्रै भुभागहरु त्यसै खेर गैरहेको छ । ति ठाउँहरुमा पनि अलैंची लगाउने हो भने यहाँको जनताको जनजीवन सजिलै उकासिने कृषि विकास कार्यालय कास्कीका प्रमुख रमेश प्रसाद कोईराला बताउँछन् । अन्य बालीको तुलनामा खेताला सस्तो र उत्पादन भईसकेपछि पनि सजिलै विक्री हुने हुँदा किसानका लागि अलैंची खेति राम्रो हुने उनले बताए । जिल्लामा हालसम्म २४ हेक्टर क्षेत्रफलमा अलैंची खेती हुन्छ भने बार्षिक १० हजार मेट्रिक टन अलैंची उत्पादन हुन्छ । यसको प्रबर्द्धन र विकासका लागि कार्यालयले चालू बर्षमा थप २ हेक्टरमा विस्तारको योजना रहेको कोइरालाले बताए ।

# प्रभावकारी भएको छ सचेतना केन्द्रको काम बढ्दै गएको छ आत्मविश्वास र स्वाभिमान

✍भिम थापा
९८४६४६३४३४

कास्कीको ढिकुरपोखरी गाविस नागरिक सचेतना केन्द्र वडा नम्वर ५ की सदस्य निर्मला परियार गाविसमा केही कार्यक्रम भयो कि ढुक्क भएर आफ्ना कुरा राख्छिन् । विगतमा बोल्ने भनेपछि सास्तै जान्थ्यो उनले भनिन् अहिले म मा आत्मविश्वास बढेको छ। सचेतना केन्द्रमा बसेर काम गर्न थालेपछि मरो आपसी मेलमिलाप पनि बढेको उनको अनुभव छ। यो आत्मविश्वासको जस दिन्छिन् नागरिक सचेतना केन्द्र अनि सामाजिक परिचालक संगीता भण्डारीलाई। त्यस्तै कास्की ढिकुरपोखरी गाविस नागरिक सचेतना केन्द्र वडा नम्वर ३ की सदस्य मन्जु परियार पनि आफुमा धेरै विषयको जानकारी बढ्दै गएको बताउँछिन् । केही जानेकै थिइन, आफ्नै नाम भन्न पनि डर लाग्थ्यो । अगाडी गएर बोल्ने भनेपछि पालै नआए हुन्थ्यो जस्तो लाग्थ्यो अहिले आफुले काम गरिरहेको विषयमा बोल्न उनलाई कुनै तयारी गर्ने पदैन ।

नागरिक सचेतना केन्द्र मार्फत् वडा नम्वर ५ मा गएको वर्ष पुर्वाधार विकास कार्यक्रम तर्फ ३ लाख १५ हजार परेको थियो। उक्त रकमले उनीहरुले सामुदायिक भवन निर्माण गरे त्यस्तै आर्यआर्जन विकास कार्यक्रम तर्फ २६ वटा बाख्राको खोर निर्माण कार्य गरियो । भने घुम्तीकोषको १ लाख रुपैयाँले धेरै सदस्यको आर्यआर्जन बढेको छ।

पहिलापहिला गाविसले सिमित व्यक्तिलाई बोलाउने गर्दथ्यो, अहिले क्षेत्रगत प्रतिनिधित्व हुन थालेको छ । जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता लगायत गाविसले दिने सेवा प्रवाहको बारेमा सवै जानकार रहेको ढिकुरपोखरी गाविसकी सामाजिक परिचालक संगीता भण्डारीको भनाई छ । नजानेका कुरामा चासो दिन थालेका पनि चेतनाको विकास भएको हो । योजना पनि वडा बाटै छानिएर जाने भएको हुँदा आफुहरुले राखेका कुराहरुको पनि सम्बोधन हुने रहेछ भनेर हौसला पनि बढेको छ नागरिकहरुमा।

त्यस्तै कास्की जिल्लाको पुरुन्चौर गाविस वडा नम्वर १ मा रहेको नागरिक सचेतना केन्द्रकी संयोजक चोलामाया गौतामलाई अहिले भ्याईनभ्याई छ। गत वर्ष उनले भिमादमा गएर सुधारिएको चुलो बनाउने तालिम लिएर आइन् अनि सचेतना केन्द्रका सम्पूर्ण २२ वटै घरमा सुधारिएको चुलो प्रयोगमा आएको छ भने अन्य गाउँलेहरु पनि उनलाई चुलो बनाउन बोलाउने गर्दछन् । सचेतना केन्द्रका सदस्यहरुकोमा उनले १ हजारमा बनाउँछिन् भने अन्य व्यक्तिकोमा उनले १२ सयमा चुलो बनाउने गरेकी छिन्। पुर्वाधार विकास कार्यक्रम अन्तर्गतको ३ लाख १५ हजारको यो कार्यक्रमबाट बचेको पैसाले उनीहरुले ढिकीटी पनि बनाउँदै छन् । यसैगरी कास्कीको सार्दीखोला गाविस वडा नम्वर १ मा रहेको सचेतना केन्द्र मार्फत् घुम्तीकोषको १ लाखबाट २५ हजार ६ प्रतिशत ऋणमा लगेर

बाख्रा पालन गरिरहेकी मंगली विकले पनि आर्यआर्जनदेखि अन्य धेरै कुराहरु बुझ्न सक्ने भएको बताउँछिन् । नागरिक सचेतना केन्द्रका सदस्यहरुको एकातिर आर्यआर्जनमा सुधार ल्याएको छ भने अर्कोतिर आत्मविश्वास बढाएको छ ।

माथिका यी केही उदाहरणले पनि देखाउँछ कास्कीको विकट, विपन्न र पिछडिएका बस्तीमा स्थापना भएका नागरिक सचेतना केन्द्र प्रभावकारी बनेका छन् । विकास निर्माण, सामाजिक काम, सरकारी सेवामा पहुँच बढाउन र गरिबी न्यूनीकरणका लागि नागरिक सचेतना केन्द्र प्रभावकारी बनेका हुन् । स्थानीय निकाय जनप्रतिनिधि विहीन बनेको अवस्थामा समुदाय र विकास साझेदारबीच नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चले पुलको काम गरिरहेका छन् ।जिल्ला विकास समिति अन्तर्गत सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसीडिपी) मार्फत कास्कीका ६४ वटा पिछडिएको बस्तीमा नागरिक सचेतना केन्द्र र प्रत्येक वडामा वडा नागरिक मञ्च गठन भएका छन् ।प्रत्येक गाविसको पिछडिएको तथा विपन्न समुदायको बस्तीमा क्रियाशील नागरिक सचेतना केन्द्रले समुदायको क्षमता तथा नेतृत्व विकास, पूर्वाधार योजना भित्र्याउन पहल गर्ने, सामाजिक समस्या पहिचान गरी छलफलमार्फत समाधान गर्ने गरेका छन् ।

प्रत्येक हप्ताको एक दिन बैठक बस्ने नागरिक सचेतना केन्द्रको छलफलमा आफ्नो कुरा अरुलाई स्पष्टसँग व्यक्त गर्नसक्ने र सरकारी कार्यालयबाट प्रवाह हुने सेवा सुविधा प्राप्त गर्ने प्रक्रियाको विषयमा राम्ररी जानकारी पाएको  अनि अन्य सदस्यहरुलाई पनि जानकारी दिन सफल भएको धिताल गाविस वडा नम्वर ५ मा रहेको नागरिक सचेतना केन्द्रका संयोजक राधिका गौतमले बताउनुभयो । गाउँमा नागरिक विच समन्वय आपसी मित्रता र सहअतित्वको विकास भएको गौतमको भनाई छ ।

नागरिक सचेतना केन्द्र मार्फत् स्थानीयवासीको समस्या तथा कुनै विवाद आइपरेमा छलफल गरी समाधानको प्रयाससमेत हुने गरिएको छ । जिल्ला विकास समिति, गाउँ विकास समिति, विषयगत सरकारी कार्यालय तथा गैरसरकारी संस्थाले पनि नागरिक सचेतना केन्द्रले माग गरेका योजनालाई प्राथमिकता दिन थालेपछि गाउँमा विकासका गतिविधि बढेको अनुभव स्थानीय वासिन्दाले गरेका छन् । यसै मार्फत् बैठकमा सहभागि हुँदाहुँदै बोल्न नसक्ने बोल्न सक्ने भएका छन् भने ठाउँमा आफ्ना कुरा राख्न सक्ने भएको ल्वाङघलेल गाविस नागरिक सचेतना केन्द्र वडा नम्वर ४ का संयोजक कृष्णकुमारी थापा मगरको भनाई छ ।

यसैगरी केन्द्रले घुम्ती कोष परिचालन गरेर विपन्नको आयआर्जनमा पनि जोड दिएका छन् । कुखुरापालन, बाख्रापालन, तरकारी खेती, बङ्गुर पालन लगायत आयआर्जनमूलक क्रियाकलाप गर्न एक जनालाई रु २० हजारसम्म कोषबाट ऋण सहयोग हुने गरेको छ । यसले गाउँले नागरिकको आर्यआर्जनमा महत्वपूर्ण टेवा पुगेको छ । कास्कीका सबै नागरिक सचेतना केन्द्रलाई एलजिसिडिपी कार्यक्रमले एक एक लाख बीउ पुँजी उपलब्ध गराएको जानकारी जिविसका शासन विज्ञ कृष्ण अवस्थीले जानकारी दिनुभयो । यो विउ पुँजीले गाउँमा एकातिर आर्थिक आर्यआर्जन बढाएको छ भने अर्कोतिर अर्को ठुलो पुँजी बनाएको छ । यसरी सरकारी स्तरबाट भएका महत्वपूर्ण आर्थिक अनि सामाजिक विकासका कार्यलाई निरन्तरता दिनका लागि हामी सवैले पहल गर्नुपर्ने देखिन्छ ।

# परियार टोलकी चम्किइन् तारा, चकित् छन् गाउँले सारा

✍ रेनु शर्मिला नेपाली
९८१७१८१८५६

कास्की घाचोक गाविस वडा नम्वर ५ परियार टोलमा २०–२२ घरधुरी परियारहरु रहेका छन् । प्राय:जसो थोरै तरकारी बारी र घर बनाउने सम्म जग्गा भएका निम्न आयका यि परियारहरुको जीवन निकै कष्टपूर्ण देखिन्छ । ४५ बसन्त पार गरिसकेकी तारा परियार यसै समुदायकी प्रतिनिधी पात्र हुन् । कास्की जिल्लाको भण्डारढिकमा जन्मिएर यसै परियार टोल निवासी श्याम बहादुर परियारसंग सानै उमेरमा लगनगाँठो गास्न बाध्य भएकी उनी सानै देखि लगनशिल र मेहनती थिइन् । उत्पीडित तथा



बिपन्न परिवारमा जन्मेकै भएर होला बालविवाहलाई स्वीकादै सामान्य स्कूले शिक्षा समेतबाट बञ्चित हुनु परेको बिगतको तितो अनुभव सधै उनको मानसपटलमा आइरहन्छ । बिहे भएको २ बर्षमा नै एक छोरी र त्यसको दुइ बर्षपछि एक छोरा जन्मिएपछि दुई सासुहरु, ससुरा र आफ्नो ४ जनाको परिवार सहित सात जनाको वृहत परिवार मा साँझ बिहानको छाक टार्न समेत धौ धौ स्थिति भएपछि उनको श्रीमान् परदेश लाग्नुभएको थियो । लामो समय विदेशमा रहदा केही खवर नआए पछि उनको जीवनमा कालो बादलले डेरा लियो । यसै बेला जीवन देखिनै निराश, गरिवी र भोकमरिको चपेटामा परिरहदा तारा नागरिक सचेतना केन्द्र (नासके) को सदस्य बनेकी थिइन् । त्यतिवेला अशिक्षा, गरिवी, बेरोजगारी तथा पछौटेपन जस्ता बिभिन्न समस्याहरुको भएकाले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले नागरिक सचेतना केन्द्रलाई उक्त टोलमा संचालन गर्ने निर्णय गरेको थियो । प्रारम्भमा तारा नागरिक सचेतना केन्द्रको सदस्य भएपनि छोटो समयमै उनको लगनशिलताले गर्दा उनी नासकको संयोजक बनिन् । साप्ताहिक रुपमा रिफलेक्ट मार्फत शशक्तिकरण तथा गरिवीका कारणहरुमा छलफल हुन थाले पछि उनको घारणामा नै परिवर्तन आउन थाल्यो र यसले उनको नेतृत्वशैली खारिदै गएर व्यक्तित्व



विकासमा समेत ईटाहरु थपिए । उनले समुदाय निर्माणमा अग्रसर हुने मौका पाइन् । परियार टोलमा ताराकै नेतृत्वमा मोटरबाटो पनि बिस्तार हुदै गयो । उनकै अग्रसरतामा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरेर समाजका लागि आवश्यक सरसामानहरु जुटाइएका छन् । १८ औ गाँउ परिषदद्धारा उक्त टोलमा सिचाइका लागि रु. ५० हजार रकम बिनियोजित गर्न पनि उहाँको ठूलो भूमिका रह्यो । समुदाय विकास प्रेमी ताराले नागरिक सचेतना केन्द्रको तर्फबाट राख्नु भएको मागका कारण उक्त यो जना परियार टोलमा पर्न सफल भएको नासके सदस्यहरु बताउछन् । अहिले परियार टोलका नासके सदस्यहरुको जीवनमा परिवर्तन आएको छ । नासके मार्फत संचालित बाख्रा पैचो कार्यक्रम मार्फत् धेरै जसो दलितहरुको घरको आयआर्जनको ढोका खुलेको छ । ताराले त व्यवसायिक च्याउ खेती नै शुरु गरेकी छिन् । आज उक्त परियार टोलमा तारा जस्तै अन्य ताराहरु पनि समुदायमा सक्रिय भएर उज्यालो छर्न लागि परेका छन् । ताराले टोल छिमेकका अन्य आर्थिक सामाजिकरुपले पछाडि परेका दिदी बहिनीहरुलाई पनि हातेमालो गर्दै हिड्न थालेकी छिन् । नासके मार्फत यस्ता पछाडि पारिएका ठाउँहरुबाट थुप्रै ताराहरु चम्काउन सवैको सहयोग जरुरी हुन्छ । एक सामान्य परिवारमा जन्मेर पनि तारा आज साच्चिकै तारा भएर चम्किएकी छिन् । मेहनत, परिश्रम अनि लगनशीलता भयो भने सफलता सहजै पाउन सकिन्छ भन्ने उदाहरण हुन् तारा । हामी सवै तारा बन्न सक्छौ ।

# गाउँ-गाउँ बन्न थाले ग्रामीण कृषि बाटो
# बाटो रहेछ विकासको पाटो

✍ स्ट्रगल राना
९८४६१७०२९७

पर्यटकीय नगरी पोखरासँग जोडिएका छिमेकी गाउँहरुमा यतिबेला माकुराको जालो जस्ता मोटरबाटोहरुको निर्माणले विकासमा रौनकता थपिरहेको छ । यिनै बाटाहरु मध्येको एउटा हो, नयाँ बसपार्कदेखि सराङ्कोट, कास्कीकोट हुँदै ढिकुरपोखरीसम्म जोड्ने २७ कि.मी. कृषि सडक।

सदरमुकामबाट नजिकको दुरीमा रहेर पनि विकासको उज्यालो पुग्न नसकी बत्ति मुनिको अँध्यारो जस्तो बनेका यी गाउँबस्तीमा बाग्लुङ बसपार्क-सराङ्कोट-ढिकुरपोखरी सडक योजना सम्पन्न भइसकेपछि समृद्धिको ढोका खुल्ने कुरामा सबैजना आशावादी छन् । सुन्तला लगायत अमिलो जातका फलफूलहरु उत्पादन हुने यस क्षेत्रमा तरकारी खेतीको पनि उत्तिकै सम्भावना रहेको छ। बजार क्षेत्र नजिकै भएकोले दूधको लागि गाईभैंसी पालन र मासुको लागि कुखुरापालन जस्ता व्यवसायतर्फ कृषकहरु आकर्षित हुन सक्छन् । अर्कोतिर मनमोहक दृश्यावलोकनको लागि पनि उपयुक्त यो ठाउँमा पर्यटकीय विकासको सम्भावना पनि प्रशस्त छ।

जिल्ला विकास समिति, नगरपालिका, सांसद विकास कोष र स्थानीय उपभोक्ता समेतको सहयोगमा निर्माण कार्य चलिरहेको यो बहुवर्षीय आयोजनाको यस वर्ष रु.पाँच करोडको टेण्डरमा काम भइरहेको उपभोक्ता समितिका अध्यक्ष प्रेमबहादुर जिसीले बताउँछन् । उनका अनुसार २०५९ सालमा सर्भे भै निर्माण चलिरहेको उक्त नौ मिटर चाक्लो सडक वातावरणीय हिसावले पनि कम हानीकारक रहेको पाइएको छ।

यसैगरी, सराङ्कोट आदर्श बस्तीका स्थानीय टीकाराम भुगाई पनि यो बाटोको कारण यी गाउँहरुको मुहार फेरिने कुरामा सहमत छन् । अहिले नै पनि कति किसानहरु दुग्ध व्यवसायको सम्भावना देखेर गाईपालनमा लागिसकेको उनी बताउँछन् । लगभग ६० प्रतिशत आवादी र कृषि क्षेत्र भएर बनेको सडक कृषि र पर्यटनको विकासका टेवा दिने त छँदैछ, पोखरा-बाग्लुङ राजमार्गको ढिकुरपोखरीबाट पोखरा निस्कन वैकल्पिक द्रूत मार्गको रुपमा पनि उपयोग हुन सक्ने अध्यक्ष जिसी बताउँछन् । उनका अनुसार ढिकुरपोखरीदेखि भदौरे हुँदै पञ्चासेसम्म जोडिने सो योजनाले बहुजिल्ला र बहुक्षेत्र विकासमा टेवा पुर्‍याउनेछ । र, गाउँबाट बजार क्षेत्रमा हुने बसाईसराइको दरलाई पनि कम गराउनेछ। बाटो निर्माणको क्रमसँगै मानिसहरुमा देखिएको उत्साहले यस क्षेत्रको उज्यालो भविष्य, प्रगति र समृद्धिको सम्भावना सजिलै आँकलन गर्न सकिन्छ।

# गाउँलेहरु सवै मिलीजुली गाउँ बनाए झिलीमिली

✍ दुर्गा अधिकारी
९८५६०३१५६१



कास्कीको सिद्ध गाउँ विकास समिति वडा नम्वर ७ की विमला ओझालाई घरकहाँ हो भनेर नसोधेपनि हुन्थ्यो जस्तो लाग्थ्यो, किनभने विजुली छैन भन्दा कस्तो पिछडिएको रहेछ भनेर होच्याउने गर्थे अरुले, विजुली मात्रले पनि अहिले गाउँमा परिवर्तन आएको छ। सञ्चारको विकास भनेर भाषण गर्ने नेतृत्वतहमा पुगेका व्यक्तिहरु तर एकवर्ष अघिसम्म जव उनको वडामा विजुली लाइनको विस्तार भएको थिएन मोवाइल चार्ज गर्न मात्र पनि देउराली पुग्नुपरथ्यो। एउटा मोवाइल चार्ज गरेको ५ रुपैयाँ कतै कतै त अझ १० रुपैयाँ पनि तिर्नुपर्ने अवस्था थियो। जव गाउँमा विजुली वत्ती पुग्यो यो समस्याबाट छुट्कारा पाएका छन् वडावासीले । त्यस्तै सिद्ध गाविस वडा नम्वर ७ का १० वर्षिय दिलिप नेपाली पनि अहिले समयतालिका बनाएर पढ्न र कम्प्युटर चलाउन पाएकोमा खुसी छन्। भन्छन् - पहिला दिउँसो र विहानको समय मात्र हुन्थ्यो, राती टुकी बालेर पढ्नुपर्ने थियो। अहिले त्यो अवस्था छैन। विजुली बत्ती त चेतना सँग जोडिएको विषय रहेछ। त्यस्तै ११ वर्षिय विशाल नेपाली कक्षा पाँचमा गाउँफर्क उच्च माविमा पढ्छन्। उनको पनि नयाँ नयाँ टेक्नोलोजी सँग हेर्दै र पढ्दै गर्ने चाहाना पुरा भएको छ। कास्की जिल्लामा जन्मेर पनि १ वर्ष अघिसम्म अन्धकारमा वस्न बाध्य भएका विजय अहिले आफुले भनेको समयमा पढ्न पाउँदा खुसी छन्।

त्यस क्षेत्रमा विजुली बत्ती वलेसँगै वडा नम्वर ६ की सोममाया नेपालीको दैनिकी नै फेरियो। उज्यालो भएपछि मात्र उठेर कामकाज गर्नुपर्ने अवस्था फेरिएर अहिले विहान सवेरै उठेर काम गर्न सजिलो भएको छ। अहिले धान कुट्न, खाना बनाउन पाउँदा समयको वचत भएको छ। यो समयमा उनीहरु अन्य काम गर्न भ्याएका छन्।

गाविस महिला समन्वय समितिका अध्यक्ष शारदा घिमिरेका सहित आसपासका बच्चाहरु पनि राती ९ बजेसम्म आफ्नो गृहकार्य गर्न रमाउँछन् । टुकीको उज्यालोमा भन्दा पढ्न र लेख्न विजुली बत्तीमा सहज र सरल भएको उनीहरुको भनाई छ ।



विजुली वत्ती कसलाई चाहिदैन ? त्यस क्षेत्रमा विजुली बत्ती पुगेपछि जेष्ठ नागरिकमा पनि खुसी छाएको छ । सिद्ध ७ की ७० वर्षीय विष्णुमाया घिमिरेका धमिलिन थालिसकेका आँखालाई विजुली बत्तीले राहत दिएको छ । विहान बेलुका घरायसी धन्दा गर्न सहज भएको उहाँ बताउनुहुन्छ ।

मोतीपानी कमेरे खोला सामुदायिक वनको जनश्रमदान सहित १८ लाख, जिल्ला विकास समिति कास्कीको ९ लाख, गाविसको ४ लाख र विद्युत् प्राधिकरणको १२ लाख गरी ४३ लाखको बजेटमा  सिद्ध गाविसको वडा नम्वर ७ कार १४५ घर धुरीमा विजुली वत्ती वल्न सम्भव भएको हो ।

सिद्धका ग्रामीण कृषि कार्यकर्ता श्री बहादुर जि.सीले मोतीपानी सामुदायिक वनको पहलमा गाउँलाई झलमल बनाउन सकिएको बताउनुभयो ।

वडा नम्वर ७ का वडा संयोजक रामराज घिमिरेले विजुली वत्ती बालेर मात्र भएन विजुली सधै आउँदैन । जव चाहिने बेला हुन्छ त्यति नै बेला काटिन्छ । यसलाई सहज बनाउन सवै सँग उहाँले माग गर्नुभएको छ । अधिकाशं पोलहरु काठका छन् त्यही पनि कमजोर हुँदै गएका छन् । तारलाई पोलले धन्ला भन्दा तारले पोललाई धान्नुपर्ने अवस्था रहेको उहाँले गुनासो गर्नुभयो । पोल कमजोर भएका कारण नागरिकहरुले फेर्नको लागि माग गरेको सिद्ध गाविसका सामाजिक परिचालक सरिता केसीले जानकारी दिनुभयो ।

❀❀❀

# विकास र पूर्वाधारमा समुदायको चासो सचेतना पुगी सक्यो बजेटको खाँचो

✍स्मीता अधिकारी
९८४१९६०६४५

विकास र पूर्वाधारमा सामुदायिक चासो हंसपुर गाविसमा संचालित स्थानिय विकास कार्यक्रमको मुख्य उपलब्धी हो । गाविस कार्यालयले संचालन गरेको स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्रभाव स्वरुप त्यहाँ विकासात्मक गतिबिधिमा जनउत्साह देखीएको छ । कार्यक्रम मार्फत समुदायका सबै मानिसलाइ विकासका गतिबिधिमा सहभागि गराउने अभ्यासहरु गरिएका छन् । बिगत देखी नै कृषी कार्यमा संलग्न त्यहाँका प्राय बासिन्दाको कृषी प्रतिको मोह र जाँगरमा यो कार्यक्रमले थप बल पुर्‍यायो । अब भने व्यवसायिक खेती मार्फत गाउँको दिगो विकास गर्ने योजनामा छन् उनिहरु । यहि योजना साकार बनाउन अहिले त्यहाँ भौतिक पूर्वाधार विकासका काममा जनचासो देखीएको छ । यस सम्बन्धि काममा स्थानीयले बनाएका योजना कार्यन्वयन भइरहेका छन् यद्दपी बजेट सम्बन्धि समस्या चुनौतीका रुपमा देखीएका छन् ।

स्थानिय माझगाउँ चौतारी कृषक समूहले निर्माण गर्न लागेको कृषी सिंचाइका लागि सामुदायिक पानी पोखरी निर्माणको काम अधाआधी नपुग्दै अलपत्र पर्‍यो । कारण थियो-ज्याला, सिमेन्ट, गिटी र बालुवा जस्ता कच्चापदार्थको अभाव । कच्चा पदार्थ खरिद गर्ने पर्याप्त रकम सरकारले नदिनु र स्थानिय स्तरमै रकम जुटाउनका लागि जनश्रमदान नहुनुले यस्तो समस्या आएको सरोकारवालाले बताएका छन् । “गाविसले दिएको डेढ लाख रुपैंयाबाट काम शूरु गरियो तर यो रकमले आधा काम पनि सकिएन” समूहका संयोजक नवराज पौडेलले भन्नुभयो -“कहीं कतैबाट सहयोग पाइने नदेखीए पछि काम नै बन्द गरेका छौं” । उहाँका अनुसार, गाउँमा कृषी मार्फत दिगो विकास गर्न तत्पर धेरै मानिस भए पनि जनश्रमदान भने खड्कीएकै छ । व्यवसायिक तरकारी खेतीका लागि त्यहाँ प्रशस्त जनउत्साह छ तर तरकारी खेतीमा समेत सिंचाइ गर्ने पानी पुग्दैन । त्यसैले स्थानिय कृषक एकजुट भएर यो कार्यक्रम शुरु गरेका थिए । बिदेशको माटोमा बगाउने जती पसिना आफ्नो देशको माटोमा बगाउने हो भने सुन पनि फलाउन सकिन्छ भन्ने सोचेर विदेश छोडेर गाउँ फर्कीनुभएको थियो संयोजक पौडेल । समान सोच भएका अन्यमानिस आफ्नै समुदायमा भेटिए पछि भने आफ्नो र गाउँका लागि केही गर्ने उहाँको योजनामा थप मलजल पुगेको थियो । ट्याक्सी वा जीप हिड्ने बाटो र पानी पोखरी को मात्र पनि सुविधाले मात्रै पनि स्थानिय बासीन्दालाइ धेरै हौसला हुने सोचेर आँफै पूर्वाधार विकास गर्न तिर लागेका छन् त्यहाँका मानिसहरु ।

व्यवसायिक तरकारी खेतीबाट व्यक्तिगत र सामाजिक विकास पनि हुने सोचेर अहिले त्यस गाउँमा एक घर एक प्लाष्टिक घर भन्ने अभियान नै थालिएको छ। तरकारी खेतिका लागि आवश्यक पर्ने प्लष्टिको टनेललाइ स्थानिय भाषामा प्लाष्टिक घर भन्ने गरिन्छ। सामुदायिक काम गर्न अग्रसर रहेका त्यहाँका वासिन्दा आँफैले निर्माण गरेको समूहले यो अभियान चलाएको हो। गाउँमा युवा र वयस्क पुरुषहरुको अभाव अनि बुढा बुढी र महिलाहरु प्राय यस्ता खालका व्यवसायमा व्यस्त रहने हुँदा पूर्वाधार विकासमा जनश्रमदान खड्कीएको स्थानिय सामाजिक कार्यकर्ताहरु बताउँछन्। समुदायले जाँगर चलाएका कामलाइ हौसला दिन पनि बजेट संबन्धि समस्या सरकारले समाधान गरिदिनु पर्ने उनिहरुको राय छ।

स्थानीय हाँसपोखरी-ठूलिबेसी कच्ची सडक खन्ने बेला आँफूले लगाएको घडी र औंठी फुकालेर रकमका लागि धितो राखेको क्षण हंसपुर- १ का बुद्धीबहादुर पोखरेलको स्मरणमा ताजै छ। बाटो बनाउनका लागि स्थानिय वासिन्दाले बनाएको योजना स्वीकृत भएपछि निर्धारित समयमै त्योकाम सम्पन्न गर्नका लागि उहाँले त्यसो गर्नुभएको थियो। बाटो बनाउने काममा उत्साही सबै जनालाइ परिचालन गर्नका लागि पनि योजना निर्धारित समयमै सम्पन्न गर्नु थियो। "प्राय सबै साथीहरु खेतीपाति बालीनालीमा संलग्न हुने भएकोले उहाँहरुकै अनुकुल समयमा काम गर्नु पर्छ भन्ने हाम्रो मान्यता थियो" उतिबेला निर्माण समितिको सचिव समेत रहनुभएका पोखरेलले भन्नुभयो। आफ्नो गाउँको काममा आँफूनै खट्नेहो भने मात्र त्यो कामको परिणामको माया हुने उहाँको राय छ।

पोखरेलमात्र होइन हंसपुरकै डम्बर बहादुर थापाको अनुभव पनि उस्तै छ। उहाँकै पहलमा हालैमात्र तालबेसी-काउरे-रामकोट-ठूलीबेसी ग्रामीण सडकको ब्याक कटिङ्ग सम्पन्न भएको छ। थापाको अध्यक्षतामा गठित १३ जनाको समितिले योजना स्विकृत भएको १५ दिनमै काम सकेको थियो। सबैको सहभागिता जुटाइ निर्धारित समयमै काम सक्नकालागि उहाँले पनि आफ्नो गोजीबाट खर्च व्यहोर्नु भएको थियो। मेसिन देखी मजदुर र बजेट सम्मका स्रोत जुटाउन सरकारको मुख ताकेन उहाँको समितिले।

गाउँ विकास समिति कार्यालयले यति बेला स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत स्थानिय चाहना र आवश्यकताहरु नजिकबाट पहिचान गर्ने अभ्यास गरिरहेको छ। सामुदायिक विकासका क्रियाकलाप र उपलब्धीमा सबैको समान कर्तव्य र अधिकार छ भन्ने मान्यतामा कार्यक्रम संचालन भएको हो। समुदायका मानिसलाइ विकासमा सहभागी गराउँदै स्थानिय स्वयत्तता प्रदान गर्नु कार्यक्रमको उद्देश्य हो। त्यसैले पनि समुदायमा भइरहेका पहलहरुलाइ सुझाव वा केही सहयोग मार्फत गाउँविकास समितिले प्रोत्साहन गरिरहेको छ। विकास निर्माणका काममा जनचासो जाग्नु भनेको दिगो विकासको एउटा खुड्कीलो पार हुनु हो गाविस कार्यालयका सामाजिक परिचालक इश्वरी प्रसाद सुवेदीले भन्नुभयो। उहाँका अनुसार,

जनचेतना जगाउन बिभिन्न अभिमुखीकरण , तालिम र बैठक मार्फत जनचेतना गजाउने प्रयास गाविस ले गरको  छ तर जनइच्छा अनुसारका काम पूरा गर्ने सवालमा भने आर्थीक स्रोतको अभाव नै मुख्य चुनौतीका रुपमा देखीइने गरेको छ।

सडक, बाटो, खानेपानी जस्ता भौतिक पूर्वाधार विकास गर्न सबैभन्दा अपरिहार्य तत्व भनेको जनसहयोगनै हो । गाउँघरमा यस्ता पूर्वाधार विकासको लागि मुख्य स्रोतका रुपमा सार्वजनिक जग्गा उपलब्ध नभएका ठाउँमा स्थानियबासीकै नाउँमा रहेको व्यक्तिगत जमीन प्रयोग भएको हुन्छ ।  स्थानिय विकास सम्बन्धि बिद्यमान प्रावधान अनुसार, सरकारले व्यक्तिगत जग्गाको मुअब्जा दिने गरेको गरेको छैन । त्यसैले पनि जग्गा सम्बन्धि किचलो जनश्रमदानका सवालमा प्रमुख समस्याका रुपमा देखीइने गरेको छ । त्यसैगरि सरकारबाट बजेट अनुमोदन र अख्तियारी समयमै नहुनुले पनि स्थानियविकास प्रति जनसमूदायको लगावलाई प्रोत्साहन गर्न सकिएको छैन ।

# वनस्पतिको संरक्षणमा बन्यो पार्क भदौरेतामागीमा हुन्छ अव फलीफाप

✍ विष्णु लामिछाने
९८५६०३३७३३



कास्की भदौरेतामागी गाविसको वडा नम्वर १ बस्ने आशबहादुर गुरुड हरेक दिन पार्कमा पुगेकै हुन्छन् । त्यहाँ जाने चराचुरुडीको संगीत सुन्ने र प्रकृतिसँग रमाउने उनको दैनिकी भएको छ । उनी मानिसको भिडमा भन्दा प्रकृति सँग बढी रमाउँछन् । त्यस क्षेत्रको पर्यटकीय विकास गर्ने उनको सोच छ । त्यस्तै भदौरेतामागी गाविस वडा नम्वर २ का प्रेमबहादुर गुरुड पनि दैनिकी त होइन यसो फुर्सद भयो की त्यही पार्कमा पुग्र्छन् र सवै कुरा विर्सेर आनन्दित हुन्छन् । यो बोटानिकल गार्डेन भदौरे तामागीको वडा नम्वर १ र २ मा पर्दछ । करिव २० रोपनी क्षेत्रफलमा फैलिएको यो पार्कमा चिलाउने, कटुस, उत्तिस, रहचन, दवदवे, सुनाखरी, थुर, सतुवा, लोक्ता लगायतका वनस्पतिहरु रहेका छन् । जैविक प्राकृतिक, सामाजिक सांस्कृतिक विविधताले भरिपूर्ण गाविसको पर्यटकीय विकासका थप टेवा पुग्ने अपेक्षा गरिएको गाविस सचिव शेरबहादुर कुँवरले बताउनुभयो । गाविसमा विश्व प्रसिद्ध पञ्चधाम पञ्चासे, सिद्धबराह नषोवन आश्रम केटनी पार्क, जस्ता प्रसिद्ध स्थानहरुपनि छन् ।



भदौरे तामागी गाविसमा रहेको तामागी एक नमुना अनी ठुलो सङ्ख्यामा घरधुरी रहेको गाउँ आज सुनसान छ । तर पनि मुस्किलले ४, ५

घरधुरीका बासिन्दा सहित पाउन सकिने नागरिकहरुको गाउँ विकासको मायाले यो पार्क बनाउन सम्भव भएको हो । स्थानिय जनताको सकारात्मक सोच, आपसी मेलसिलाप, विकासमा साझेदारी सहकार्यकै कारण जिल्ला विकास समिति कास्कीको सहयोगमा नेपालमै उत्कृष्ट नमुना बोटानिकल पार्कको निर्माण गर्न सम्भव भएको हो । २ लाख ५० हजारको बजेटमा निर्माण गरिएको पार्कको मुख्य उद्देश्य पञ्चासे वन परीसर क्षेत्र भित्र रहेका विविध प्रजातिका बोट बिरुवाकै एकै ठाउँमा प्रदर्शन गरी वनस्पती विज्ञान सम्बन्धि गरीने अवलोकन अध्ययन र अनुसन्धानलाई प्रभावकारी एवं सहज बनाउनु हो । समुद्रि सतहबाट करीब २०० मिटर उचाइमा रहेको यो परिसरमा पाइने ११० भन्दा बढि प्रजातिका सुनाखरी अरचिड हरुको पनि नमुना संकलन गर्ने कार्य भइरहेको पार्क संरक्षण समितिका अध्यक्ष प्रेमबहादुर गुरुङ बताउनुहुन्छ । यस पार्कमा चिलाउने, कटुस, उत्तिस, रहचन, दवदवे, सुनाखरी, थुर, सतुवा, लोक्ता लगायतका वनस्पति पाउँन सकिन्छ । सुनाखरीका प्रजाति मध्ये ३० थरीका प्रजातिहरुको संकलन कार्य पुरा भइसकेको छ। आर्थिक रुपमा इ.वि.ए कार्यक्रमको सर्पोट रहेतापनि जिल्ला विकास समिति कास्की र भदौरेतामागी गाविसको पनि सहकार्य रहेको छ। २ वर्ष अघि समुदायलाई पार्क हस्तान्तरण गरिएको हो । हाल भदौरे तामागी गाविसका जनताहरु द्धारा उक्त पार्कको संरक्षण र व्यवस्थापन हुने गरेको छ। नियमित रुपमा उक्त पार्कको संरक्षण रेखदेख गोडमेल, नयाँ प्रजातिका

वनस्पतिको प्रत्यारोपण गरिरहेको र भविष्यमा पनि उक्त कार्यलाई निरन्तरता दिइने अध्यक्ष गुरुङ बताउनुहुन्छ। स्थानिय बासिन्दा आशबहादुर गुरुङ पनि प्राकृतिक श्रोत र साधनको उच्चतम प्रयोग गर्न सकेमा मात्र गाउँको विकास गर्न सकिने बताउनुहुन्छ । वडा नम्वर १ की बुद्धिशोभा गुरुडमा पनि अव आशा पलाएको छ, गाउँ छोडर शहरतिर बसाई सरेकाहरु मनोरम दृश्यको अवलोकन गर्न आउनेछन् भन्ने कुरामा । आफ्नो थाकथलो छाडेर जान मन लाग्दैन उनले भनिन् यही हाम्रा बाजे बराजुले जिन्दगी काटे  बाबै ।

उक्त बोटानीकल पार्क एवं पञ्चासेलाई मध्यनजर राख्दै भदौरे तामागी वडा नं १ र २ का जनाताको अगुवाइमा साइकल ट्याक समेत निर्माण गरिएको छ। त्यसको शुभारम्भ यसै आर्थिक वर्षमा गरिएको हो  । यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आर्कषित गर्ने अपेक्षा गरिएको स्थानीय वडा नम्वर २ की दुर्गीमाया गुरुड बताउनुहुन्छ । पर्यटकलाई आफ्नो गाउँमा लैजाने उद्देश्यले उक्त ठाँउमा नमुना साइकल ट्याक निर्माण गरिएको निर्माण समितीका अध्यक्ष हिरालाल गुरुङ बताउनुहुन्छ।

# बाख्रापालनले गरायो आयआर्जन सुधार भयो जिविकोपार्जन

✍अन्जु बराल
९८१९१२८५२५



'बाख्रा पालनबाट १ वर्षमा ५० हजार आम्दानी भयो, मत अझै माउपाठा थप्ने योजनामा छु'- नागरिक सचेतना केन्द्र सार्दीखोला गाविस वडा नम्वर १ की सदस्य मंगली विकले भनिन् । 'छ, छ महिनामा बाख्रा व्याएको छ, घाटा लाग्ने त कुरै छैन । हामीलाई कमाइले खुशी बनाएको छ उनले थपिन् । अनुहारमा खुशी आउनु, कामकाजमा जाँगर चल्नु बदलिएको प्रमाण हो ।

नागरिक सचेतना केन्द्रका हरेक सदस्यले जीविकोपार्जनको आधार तयार बन्दै गएको र त्यसले परिवर्तन ल्याएको बताएका छन् । 'पालै पालो ऋणमा पैसा चलाउँछौं'- सदस्य गिता विकले भन्नुभयो- 'समूहमा ६ प्रतिशतका दरले व्याज तिर्नुपर्छ' । मंगलीले सावाँ तिरेर सकिन् त्यसपछि गिताले २५ हजार निकालेर बाख्राका माउपाठा राखेको यो साउनमा मात्रै १ बर्ष हुन्छ । किनेर ल्याएको १५ दिनमै बाख्रो व्यायो । अहिले उनका खोरमा ५ वटा बाख्रा छन् । उनका अनुसार सानोतिनो समस्या टार्न अनि आपतविपतमा सजिलो भएको छ । एकातिर विपन्न वर्ग पैसाको अभावले अकालमै मर्नु नपर्ने, अर्कोतिर जोश जागर अनि आत्मविश्वास सचेतीकरणले गाउँ वस्तीको मुहारै फेरिएको छ ।



विपन्न र गरिबहरुको विकासका

लागि नागरिक सचेतना केन्द्र भनेर गाउँका स्थानीय नागरिकहरु अधिकांशले मुखाकर गरेका छन् । गठन भएको चार  वर्षसम्म चेतनाका यस्तै कुरा रट्ने काम भयो । धेरैबाट अब चेतनाभन्दा आयआर्जन जरुरी छ भन्ने मागपछि थप व्यवस्थाको आवश्यकता महसुस गरियो ।

त्यस्तै पुरुन्चौर गाविसको नागरिक सचेतना केन्द्र वडा नम्वर १ का १० जना सदस्यहरुले पनि १ लाखको घुम्ती कोषको रकमबाट बाख्रा पालन गरेका छन् । नागरिक सचेतना केन्द्रकी सदस्य मिठु खत्रीले बाख्रा पालनबाटै ६ महिनामा १८ हजार कमाउन सफल भईन् । त्यस्तै परिवर्तन गाउँमा अन्य सदस्यहरुको पनि भएको छ । सानो सानो लगानीबाट यति ठुलो परिवर्तन हुन्छ भन्ने मैले सोचेकै थिइन् खत्रीले भनिन् । अनुदानस्वरुप आएको १ लाख बजेटलाई पालैपालो जीविकोपार्जनमा लगानी गर्न थाल्दा धेरैको आर्थिक अवस्था सुधारिएको छ।  निश्चित अवधिपछि फिर्ता गरेर अरु सदस्यलाई वितरण गरिन्छ । पालैपालो रकम चलाएर आफ्नो आयआर्जन बढाउने यस कोषले महत्वपूर्ण भुमिका खेलेको छ ।

नागरिक सचेतना केन्द्र धिताल वडा नम्वर ५ की सदस्य गंगा ढुङ्गाना पनि बाख्रापालनबाट खुसी छिन् । आर्यआर्जनका लागि उनले ब्राखा पाल्न थालिन् । यो काम फापेपछि उनमा जोश जागर अनि उर्जा बढेको हो । २० हजार ऋण लिएर सुरु गरेको ब्राखा पालनबाट अहिले ऋण तिरी सकिन भने ३ वटा ब्राखा उनका भएका छन् । आयआर्जन, शिक्षा स्वास्थ्यमा विकास गरी परिवर्तन ल्याउने नागरिक सचेतना केन्द्रले लक्ष्य लिएको छ। बचत गर्ने, समूहमा सर सल्लाह गर्ने लगायत चेतनाको विकासका काम निकै प्रभावकारी भएको सचेतना केन्द्रका सदस्यले बताए । सबैभन्दा धेरै उपलब्धि घरघरै शौचालय बनाएर परिवर्तन देखिएको उनीहरुको भनाई छ ।

विगतका वर्षहरुमा सिधै हातका योजनाहरुलाई प्राथमिकतामा राखिन्थ्यो हामी बस्तीबाट दुःख गरेर योजना ल्याउने तर गाविसले कुनै किसिमको सम्बोधन नगर्दा दिक्क लाग्थ्यो । यस वर्ष भने वडा भेलाले पास गरेर ल्याएका योजनाहरुमा मात्र छलफल गरेर परिषदले अनुमोदन गरेकोमा आफूलाई खुसी लागेको सार्दीखोला गाविसका सामाजिक  परिचालक दुर्गादेवी बाँस्तोला बताउनु हुन्छ । वडाबाट छनौट गरी ल्याएका योजनाहरु नपर्दा समुदायका नागरिकहरुको उल्टै गाली सुन्नु परेको उहाँसँग अनुभव छ । तर अहिले भने सहज भएको छ ।सामुदायिक साना पूर्वाधार विकास अनुदान कार्यक्रम (एलजिसिडिपी) अन्तर्गत तीन लाख १५ हजार नगद सचेतना केन्द्रलाई दिएको सहयोग गरेको हो । आवश्यकता र मागका आधारमा कास्कीका सबै सचतेना केन्द्रमा वितरण गरिएको छ ।

यसरी कास्कीका अधिकाशं गाविसका नागरिक सचेतना केन्द्रले घुम्तीकोषको १ लाख रुपैयाँ बजेट २० हजारका दरले ५ जनालाई ६ प्रतिशत व्याजमा दिदै आएको छ । नागरिक सचेतना केन्द्रका यस्ता आर्यआर्जनमुलक कार्यले भोलीका दिनमा जिविकोपार्जनमा सहजता ल्याउने अपेक्षा गर्न सकिन्छ ।

# व्यवसायले ल्याएको खुसी परिवारमा छाएको छ सन्तुष्टि

✍गोविन्द कोइराला
९८४६०५०९६४

नागरिक सचेतना केन्द्रका सदस्य शेरबहादुर वि. कमा अहिले खुसीको सिमा छैन। व्लकको माग गाउँ गाउँबाट आउन थालेपछि उहाँमा खुसीको सिमा नभएको हो। जोश, जागर, परिश्रम, मेहनत र साहसका साथ विकले विगत ३ वर्षदेखि ल्वाडघलेल वडा नम्वर ४ नयाँपुलमा व्लक उद्योग संचालन गरिरहेका छन्। नागरिक सचेतना केन्द्रको जिविकोपार्जन तथा आर्यआर्जनको १ लाख





रुपैयाँ मध्ये ५० हजार रुपैयाँ सस्तो व्याजमा लगेर उनले व्यवसायलाई विस्तार गरेका हुन्। उहाँले अर्डर अनुसारको सामान पुरयाउनै सक्नुभएको छैन। स्थापना गर्ने समयमा घरपरिवारका ३ जनाले मात्र सञ्चालन गरेको उद्योगमा अहिले २ जना अन्य कामदारले पनि रोजगारी पाएका छन्। उहाँले उत्पादन गरेको

व्लक धिताल, ल्वाडघलेल, रिभान, धम्पुसको केही भाग सम्म पुग्ने गरेको छ ।

जति कडा परिश्रम गरेपनि आफ्नै  देशमा गर्ने, आफ्नै परिवारसँग दुखसुख गरेर काम गर्न पाउँदा सन्तुष्ट छन् शेरबहादुर । ७ वर्ष भारतको विभिन्न शहर परिश्रम गरे अनि ८ वर्ष कतार बसेर रगत र पसिना बगाएर त्यहाँको कमाई खानका लागि मात्र भयो । त्यहाँको जस्तो परिश्रम आफ्नै देशमा गर्ने हो भने कति परिवर्तन हुन्छ होला जस्तो लाग्यो र उनले आफ्नो जन्मभूमिमा केही गर्ने योजना बनाए । धेरै मेहनत परिश्रमपछि उनी व्लक उद्योग संचालन गर्न सक्ने भएका हुन् । २०६९ साल जेठ एक गतेदेखि बैंकबाट ६ लाख रुपैयाँ ऋण लिएर सुरु गर्नुभएको उद्योगबाट अहिलेसम्म ऋण चुक्ता भईसकेको छ । अव बल्ल बचतको सुरुवातमा छु हर्षित मुहारमा उहाँले भन्नुभयो अव गाडीको आवश्यकता परेको छ ।  उहाँले बनाएको ६ इन्चको व्लकलाई ४९ रुपैयाँ र ४ इन्चको व्लकलाई ३९ रुपैयाँ बजार मुल्य रहेको छ ।

ल्वाडघलेल गाविसले भवन माथि तला थप्नका लागि ७ सय क्लवको अर्डर गरेको छ । अन्य गाउँगाउँबाट उहाँलाई यतिबेला अर्डर लिन भ्याई नभ्याई छ । २०७२ साल वैशाख १२ गतेको भुकम्पले उनको व्यवसायलाई पनि निकै प्रभाव पार्‍यो तर भुकम्प गएसँगै गाउँवासीहरुले भत्किएका तथा चर्किएका घरलाई पक्की बनाउन थाले त्यसपछि अहिले गाउँगाउँमा उहाँले बनाएका ब्लव प्रयोगमा आएका छन् ।

व्लकलाई राम्रो चिप्स र चोकर चाहिन्छ मर्दी खोलाको ढुडा माटोमा कालो प्रत्थर र दर्शनी ढुडा मिसिएको हुँदा व्लक बनाउँदा यसको प्रयोग हुदैन । व्लक बनाउनका लागि सेती गण्डकीको ग्रेगर चाहिन्छ त्यसैले ढुवानीमै बढी खर्च हुँदा आम्दानी भएपनि बचत कम देखिन्छ ।

काम गर्ने आट गर्ने हो भने जस्तो सुकै असहज काम पनि सफल पार्न सकिने उनको अनुभव छ । लोडसेडिडको समय विजुली बत्ती भनेको बेलामा आउँदैन तर उनको जागर रातीको १२ बजे पनि उत्तिकै हुन्छ । विजुली नभएको बेलामा उनी अन्य काम गर्छन् भने विजुली भएको बेलामा उनी व्लक बनाउने काम गर्छन् । कडा मेहनतका साथ अगाडी बढेका उनको व्यवसायलाई अझै विस्तार गर्ने सोच रहेको छ ।

# नेपालकै पहिलो वातावरण मैत्री वडा कास्की ढिकुरपोखरी नौ
# हामी सबै गाँउबासीको शुभकामना सबै छिट्टै यस्तै बनौ

यादवराज अधिकारी,
९८५६०३७३६६
संगीता भण्डारी,
९८४६२६२५३३



कास्की जिल्लाको सदरमुकाम पोखरा देखि २२ कि.मि. पश्चिममा ढिकुरपोखरी गा.वि.स. रहेको छ । उक्त गा.वि.स. हुँदै पोखरा वाग्लुङ भूपि शेरचन र ाजमार्ग गएको छ। उक्त राजमार्गको नागडाँडा ० कि.मि. बाट १ कि.मि. दक्षिण पश्चिममा उक्त वडा नं. ९ पर्छ। उक्त वडामा सेराचौर, सेरनी ठूलाचौर गरी मुख्य ३ वटा टोल पर्दछन्। यस वडामा जम्मा १७७ घर धुरी छन्। जम्मा जनसंख्या ११८५ मध्ये महिला ५६०, पुरुष ६२४  तेस्रो लिङ्गी १ जना रहेको छ। यस वडाको साक्षरता प्रतिशत शत प्रतिशत रहेको छ।

वि.सं. २०७१ चैत्रमा कास्की जिविसको सहयोगमा ढिकुरपोखरी गा.वि.स. मा वातावरण मैत्री स्थानीय शासन कार्यक्रम लागू भएपछि २०७२ साल वैशाखमा गा.वि.स. स्तरीय १७ सदस्यीय वातावरण मैत्री स्थानीय शासन गाँउ समन्वय समिति गठन भयो। वडा स्तरीय कार्यक्रम अन्तर्गत वडा नं. ९ सेराचौरमा वडा नागरिक मञ्च र अन्य सरोकारवालाहरूको वैठक बसी यही आर्थिक वर्ष भित्रमा वडा लाई वातावरण मैत्री वडा घोषण गर्ने निर्णय गऱ्यो । स्थानीय आमा समूह, सरसफाई बाल क्लब, स्थानीय विद्यालयको सक्रियतामा वडामा प्रत्येक हप्ताको १ पटक सरसफाइ अभियान गर्ने, चोक चोकमा डस्टविन राख्ने, घरघरमा फोहोर व्यवस्थापन गर्ने, सचेतना जगाउने र छिमेकी वडावासीलाई पनि जथाभावी फोहोर नफाल्न ध्यानाकर्षण गराइयो। स्थानीय ढिकुरपोखरी गाविसका सचिव स्थानेश्वर ढुंगानाले भन्नुहुन्छ "यी कार्यलाई सफल बनाउन स्थानीय समाजसेवी डा. कृष्ण प्रसाद अधिकारी लगायतका बडा नागरिक मंच र सामाजिक परिचालको महत्वपूर्ण योगदान रहेको छ। जिविस कास्की तथा गाविसले अभिमुखीकरण कार्यक्रम तथा नियमित अनुगमन गरि बडावासीलाइ यस महत्वपूर्ण अभियान सफल पार्न झकझकाइ रह्यो। जसले गर्दा यस वडाका बुद्धिजिवीहरुलाइ चाँडो भन्दा चाँडो वडालाइ वातावरण मैत्री बनाउन थप उर्जा प्राप्त

भयो" । उक्त प्रयासको फलस्वरुप, नेपाल सरकास, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा जारी वातावरण मैत्री स्थानीय शासन प्रारुप, २०७० अनुसार परि वार र वडा स्तरमा



निर्धारण गरिएका आधारभूत र विकसित सूचक पूरा गरेकाले यही २०७३ साल जेठ ८ गते शनिबारका दिन वडा नागरिक मंचको अगुवाइ, जिल्ला विकास समिति, कास्की, गाविस, राजनै तिक पार्टीका प्रतिनिधिहरू, विषयगत कार्यालयहरु, वातावरण मैत्री स्थानीय शासन गाँउ समन्वय समिति, गैर सरकारी संस्थाहरु, श्रोत केन्द्र तथा स्थानीय सामुदायिक तथा अन्य बिधालयहरु, स्थानीय आमा समूहहरु, सरसफाई बाल क्लबहरु लगायत सम्पूर्ण वातावरण मैत्री वडावासीहरुको सक्रिय सहभागितामा वाजागाजाका साथ गाउँको परिक्रमा गरी श्री दुर्गा दुर्गाभवानी आदर्श सामुदायिक विद्यालय प्राङ्गणमा भव्य कार्यक्रमका बिच यस वडालाई कास्कीका स्थानीय विकास अधिकारी दामोदर भण्डारीले नेपालकै पहिलो वातावरण मैत्री वडा घोषणा गरिएको हो ।

हाल यस वडाका बाल बालिकादेखि बृद्धबृद्धाहरू समेत सरसफाईप्रति सचेत देखिनछन् । यस वडाले शत प्रतिशत घरमा प्यान सहितको शौचालय जडित गोवर ग्याँस प्लान्ट, आवास क्षेत्र भित्रको फोहोर व्यवस्थापन, प्लाष्टिक नियन्त्रीत क्षेत्र, व्यक्तिगत सरसफाई, शौ चालयको उचित प्रयोग र उचित तारिकाले हात धुने, पोखरीको संरक्षण, खुल्ला दिशामुक्त क्षेत्र, भाडा माझ्ने र सुकाउने व्यवस्था, आफ्नै करेसा बारीको जैविक तरकारीको उत्पादन र विक्री वितरण, घर घरमा मठ र तुलसीको बोट, हरि याली प्रवर्द्धन लगायतका सूचकहरु पूरा गरेको छ ।पर्याप्त खानेपानीको अभाव, सडकमा धुलो, ढलको उचित व्यवस्था नहुँदा चाहे जति व्यक्तिगत र घरायसी स्वच्छता हुन नसकेको स्थानीय आमा समूहका सदस्यहरूले गुनासो सुनाउँछन् । यसमा सम्बन्धित पक्षको ध्यान जानु आवश्यक छ । त्यस्तै सरसफाई दैनिक जीवनसँग सम्बन्धित भएकाले यसको निरन्तरता र दिगो पनका लागि चुनौती रहेको पनि उनीहरू बताउँछन् । जे होस् कास्की जिल्ला नेपालकै पहिलो खुल्ला दिसामुक्त जिल्ला घोषणा हुनु र यही जिल्ला अन्तर्गत ढिकुरपोखरी गा.वि.स. वडा नं. ९ सेराचौर नेपालकै पहिलो वातावरण मैत्री वडा घोषणा हुँदा वडावासीहरू खुसीले गद्गद् भएका छन् ।

**वडा नागरिक मंच ९ का संयोजक चुडामणि अधिकारी**

निकै चुनौति तथा अप्ठयाराहरु सामना गर्नुपरे पनि आज हाम्रो वडा नेपालमै पहिलो वातावरण मैत्री घोषणा भएकोमा हामी सबै गर्व गरिरहेका छौ । प्रयास गरे सकिन्छ । स्वच्छ, सफा र हराभरा वातावरण हामी र हाम्रा सन्तति सबैका लागि बरदान हो । त्यसैले हामी सबै मिली देशलाइ नै वातावरण मैत्री बनाऔ ।

# आर्थीक आत्मनिर्भरता तर्फ कालिका गाविसका महिला

✍अन्जु बराल
९८१९१२८५२५

कालिका १ निवासी जुना वि.क एक दलित परिवारकी महिला हुन् । बिहान उठ्ने वित्तिकैबाट घर धन्दा र खेतीपातीमै व्यस्त हुन्छिन् उनी । उनी बिहान उठ्ने बित्तिकै बाख्राको खोर तिर लाग्छिन् । गरिब र दलित परिवारमा जन्मिएकी जुनाको परिचय यत्तिले मात्रै पुग्दैन । सुन्दर भविश्यको सपना साकार बनाउन बर्तमानमा कतिसम्म संघर्ष गर्नुपर्छ भन्ने प्रश्नको उत्तर हुन् जुना । जुना व्यवसायीक किसान बन्ने बाटोमा अग्रसर मात्रै छैनन्, आँफू सक्षम भएपछि समाजका लागि केही गर्ने योजना समेत बनाएकी छिन्। स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समिति मार्फत सञ्चालन गरेको नागरिक सचेतना केन्द्रकी सदस्य बनिसकेकी छिन् उनी । यहि केन्द्रबाट ऋण लिएर व्यवसायिक रुपमा बाख्रा पालन सुरु गरेकी छिन् उनले । जुना जस्तै, त्यो नागरिक सचेतना केन्द्रमा ३० जना सदस्य छन् र अरु पनि जुना जस्तै सबल र सक्षम हुदैछन् ।



जुना वि.क बाख्रालाई घास हाल्दै :

कालिका गाविसमा स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम लागु भए यता महिला ससक्तीकरणका सवालमा धेरै परिवर्तनहरु आएका छन् । कार्यक्रम कार्यन्वयन स्वरुप गाविस कार्यालले संचालन गरेका बिभिन्न कार्यक्रममा भाग लिन थालेपछि स्थानिय महिलाहरुको दृष्टिकोण र काम गराइमा सकरात्मक परिवर्तन आएका हुन् । एउटा कामका लागि सबै जना मिले पछि न काम छिटो हुनेहो, गाउँको विकास पनि त्यस्तै हो रैछ ' वडा नं १, की राधिका विकले भन्नु भयो । समुहको बैठकमा बसेर सबैको कुरा सुनेपछि

समस्याहरु अरुका पनि हुने रहेछन् भन्ने लागेको थियो उनलाई । सबैका समस्या र आवश्यकता समूहमै बाँड्ने गरेपछि सबै जनामा एकताको भावना पैदा भएको उहाँले बताउनुभयो ।

गाविस कार्यालयकी सामाजिक परिचालिका अम्बिका नेपालीका अनुसार, अहिले त्यस गाउँमा महिलाहरु विकासका मामिलामा समेत निर्धक्क बोल्न सक्ने भएका छन् । समूहमा गरेको कामले उनिहरुको बोलीचालिमा सुधार आएको छ । सामाजिक विकृती र विसंगतिविरुद्ध एक जुट भएका छन् उनिहरु । जन्म दर्ता, विवाह दर्ता , बाल अधिकार, महिला अधिकार जस्ता विषयमा जानकार भएका छन् उनिहरु । सामाजिक काममा भाग लिनका लागि संस्थामा आवद्ध हुने क्रम पनि बढेको छ । "आखिर महिलाहरुनै स्थानिय विकासका संवाहक हुन् भन्ने कुराको उदाहरण हुनुभएको छ हाम्रा दिदिबहिनी हरु" सामाजिक परिचालिका नेपालीले भन्नु भयो ।

विकासका क्रियाकलापमा महिलाहरुको सक्रियताले अहिले गाउँमा सामुदायिक भवन निर्माण भएको छ ।  महिलाहरु सम्मिलित सचेतना केन्द्रले त्यो भवन निर्माण गरेको थियो ।  गतवर्ष गाविसले सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण बनाएको थियो। जिल्लामै पहिलो पटक यस्तो विवरण बनाउने गाउँको रुपमा कालिका गाविस चिनिएको हो । गाउँमा यस्ता प्रगति उन्नती हुनुका पछाडी महिलाहरुकै ठूलो सहयोग र सहकार्य हो भन्छन् स्थानिय निकायका अधिकारीहरु । "गत बर्ष १० हजार को स्टेशनरी समान दिएका थियौ र अहिले ८ हजार को स्टेशनरी दिइ सकेकाछौ" गाविस सचिव शोभाखर ढकालले भन्नुभयो । त्यहाँका महिलाहरुले खाजा खाने पैसा जम्मा गरेर घुम्तिकोष समेत बनाएका छन् । यो कोष आय आर्जन र सिपमूलक कामका लागि प्रयोग हुने गरेको छ ।

हप्ताको एकचोटि आइतबार २ घण्टा विकासका गतिबिधिका बारेमा छलफल गर्ने गरेका त्यहाँका महिलाहरुले व्यवसायिक खेतीका लागि सिंचाइ योजना समेत बनाएका छन् । कृषि विकास कार्यलयसगँ सम्झौता गरेर  योजनाका लागि रु ७० हजार रुपैया बजेट माग गर्न सफल भएका छन् उनिहरु । तरकारी खेती सिंचाइका लागि अहिले ४ वटा  सार्वजनिक घैंटा  निर्माण भइरहेको छ ।

गाविस कार्यालयले स्थानिय स्तरमा गठन गरेको नागरिक सचेतना केन्द्रमा ३० जनाको समुह छ ।त्यही समुहबाट अति विपन्न वर्गका ५ जनालाइ  प्रतिव्यक्ति २० हजारका दरले रकम दिइन्छ । र उनिहरुले व्यवसाय गरेर श्रृण चुक्ता गरे पछि फेरि अर्को समूहलाइ श्रृण दिने गरिन्छ । यसरी एक पछि अर्को गर्दै महिलाहरु आत्मनिर्भर हुने क्रम बढेको छ । ती दीदीबहिनीहरु मिलेर दिनको २० रुपैया उठाएर कोष संचालन गरेका छन्  र त्यहि कोष परिचालन गर्न पनि उनिहरु सिपालु भएका छन् ।

❀❀❀

# सिलाई बुनाईले बनायो आत्मनिर्भर लिनु पर्दैन अब कसैको भर

✍ईश्वरी पौडेल
९८५६०-५८५२८



नाम : अस्मिता गुरुङ
ठेगाना : सैमराङ- ७, सापूले, कास्की
उमेर : २८ वर्ष
शिक्षा : सामान्य लेखपढ
पेशा : सिलाई कटाई
पेशामा संलग्नता : ३ वर्ष
मासिक आम्दानी : ८०००/- देखि ९०००/-

तिन वर्ष पहिलासम्म खेती किसानी र पारिवारिक काममा सवै समय विताउने कास्की सैमराङ -७, सापूले कि २८ वर्षिय अस्मिता गुरुङ अहिले भने आफ्नो सिप र कुशलता देखाउन सफल भएकी छिन । तिन वर्ष अगाडी मात्रै जिल्ला विकास समिति कास्कीको सहयोगमा सैमराङ गा.वि.स.को पहलमा सञ्चालन भएको  सिलाई कटाईको तालिमपछि अस्मिता आत्मनिर्भर मात्रै वनेकी छैनन, चाहना भएमा हरेक कुरा सम्भव छ भन्ने कुराको उदाहरण पनि वनेकी छिन उनी ।

सामान्य खेती किसानी गर्दा आफ्नो व्यक्तिगत खर्चको लागि पनि परिवारमा भरपर्नुपर्ने वाध्यता नै थियो अस्मितामा । सामान्य शिक्षा मात्रै लिएकी अस्मिता अहिले परिवारको खर्च धान्न समेत सक्षम भएकी छिन । तालिम र मेसिन गा.वि.स.ले दिएपछि आफ्नै घरमा सिलाई वुनाई केन्द्र सञ्चालन गर्दै आएकी उनले सर्ट, पाईन्ट, कुर्था सरवाल, चोलो, पेटिकोट, ब्लाउज आदी सिलाउन सफल भएकिछिन ।

सासु ससुरा सहितको संयुक्त परिवामा रहेकी अस्मिताले सिलाईसंगसंगै आफ्नो घरको काम समेत गर्न भ्याएकी छिन । नयाँ र पुराना कपडा सिलाउन भ्याई नभ्याई हुनाले अस्मिताले घरपरिवारको राम्रै सहयोग पाएकी छिन । " परिवारका सदस्यले राम्रै मान्नु भएको छ, सधैजसो काममा व्यस्त हुनाले सवैले सघाउनु हुन्छ । परिवारमा काम गर्ने वातावरण पनि राम्रो बनेको छ " अस्मिता भन्छिन ।

आफ्नै घरमा भएकाले धेरै ग्राहक नआएपनि आम्दानी भने राम्रै भएको अनुभव सुनाउँदा खुशी देखिन्छिन अस्मिता। "आँउदै नआँउदा पनि ४/५ जना ग्राहक आईहाल्नुहुन्छ, आम्दानी नै नभएपनि दिनको २-३ सय हुन्छ, आफ्नो र परिवारको खर्च चलेको छ"। तालिम लिनुभन्दा पहिले सवै खर्चमा परिवारको भरपर्नुपर्ने वाध्यतालाई सजिलै चिर्दै अहिले परिवारको खर्चमा समेत अस्मिता सहयोगी वन्न थालेकी छिन।

सुरुवातको समयमा कपडा सिलाएको भएन भन्ने गुनासाहरु आउने गरेको भएपनि अहिले त्यस्तो नभएको अस्मिताले वतााँउछिन। "सुरुसुरुमा कठिन भयो अहिले कुनै समस्या छैन"। अहिले अस्मितालाई समय मिलाउने कुरा समस्या भएको छ। आफ्नो पेशामा खासै ठुला समस्याहरु नआएको अनुभव सुनाँउदा समेत अति व्यस्त छिन अस्मिता।

सिप सिकेर काम गर्दा आम्दानी हुने मात्रै नभै समाजमा पनि राम्रै ईज्जत पाउने गरेको राम्रो अनुभव संगालेकी छिन उनले। सिलाईकटाई सुरुवात गरेपछि आर्थिक व्यवाहर मिलाउन धेरै सजिलो भएको भन्दै उनले व्यक्तिगत खर्च, छोरीको खर्च र परिवारको खर्च चलाउन धेरै सजिले महसुस गरेकी छिन। काम गर्दा समाजले पनि राम्रो ईज्जत गरेको छ अस्मितालाई। " समाजमा घुलमिल नभएको लजालु प्रकृतिको मान्छे कामको शिलशिलामा धेरै मान्छेसंग घुलमिल हुँदा एकातर्फ धेरै खुशि लागेको छ भने अर्कोतिर आफुलाई पनि धेरै राम्रो भएको छ। समाजले पनि राम्रो दृष्टिकोणवाट हर्ने गरेको छ। गाँउमा काम गरेर खाने वुहारी भनेर चिनिन पाँउदा भित्रभित्रै गर्व लागेको छ"। अस्मिता भन्छिन। लगनशिलता र ईमान्दारिता भएमा हरेक कुरा सम्भव हुने रहेछ भन्ने आत्मविश्वास वढेको देखिन्छ अस्मितामा।

तिन वर्षको कामले अस्मितालाई धेरै नै उत्साह थपेको छ। आफ्नै घरवाट सञ्चालन गरेको व्यवसायलाई निकट भविष्यमा गाँउको केन्द्रमा कपडा पसल सहितको सिलाईकटाई राख्ने सोचमा छिन अस्मिता। सानो काम गर्दागर्दै ठुलो पशल पनि चलाउन सकिन्छ भन्ने आत्म विश्वास वढेको वताउछिन उनी। गा.वि.स. लगायत अन्य संघसंस्थाले नयाँ नयाँ र अझै राम्रो तालिम सञ्चालन गराएमा नयाँ कुराहरु सिक्ने अवसर मिल्ने बताँउदै अस्मिताले घरगृहस्थिमा सिमित दिदिबहिनीको लागि लक्षित कार्यक्रम पनि गर्नुपर्ने बताँउछिन।

❀❀❀